# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क २८ पूर्णाङ्क १७३ | २०७६ फागुन ५ गते सोमबार | Monday, 17 Feb, 2020 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीद्वारा मध्यविन्दु ११ को जग्गा कब्जा, मेघा पार्क रिसोर्टमा झण्डा गाडे



नेकपा क्रान्तिकारी माओवादीले जनयुद्ध दिवसको अवसर पारेर पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिकाको वडा कार्यालय निर्माणाधिन क्षेत्रको जग्गामा आज झण्डा गाडेको छ ।

क्रान्तिकारी माओवादीले विहीबार दिउँसो एउटा पर्चा टाँगेर बन्दै *बाँकी ८ पेजमा*

# क्रान्तिकारी माओवादीले देशैभर मनायो २५औं जनयुद्ध दिवस



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले देशैभर २५ औं जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ । ऐतिहासिक जनयुद्ध, जनसंघर्ष तथा जनआन्दोलनको अनुभवको जगमा टेकेर नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशामार्फत् नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पुरा गर्ने उद्देश्यसहित नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादीले जनयुद्धको सम्झनामा विभिन्न कार्यक्रमको आयोजना गरी २५ औं जनयुद्ध दिवस भव्य रूपमा मनाएको हो ।

काठमाडौंमा रेडमार्चपाससहित असन इन्द्रचोकमा सभा सम्पन्न गरियो । रत्नपार्क शान्तिबाटिकाबाट सुरु भएको रेडमार्चपास पुरानो बसपार्क, सुन्धरा, सहिदगेट, नेपाल एयरलाइन्स, न्यूरोड, विशालबजार हुँदै इन्द्रचोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई पार्टी महासचिव मोहन वैद्य किरण, स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेललगायतका नेताहरूले सम्बोधन गरेका थिए । पार्टीको ३ नं. प्रदेशको आयोजनामा भएको सभाको अध्यक्षता पार्टी पीवीएम प्रभाकिरणले गरेका थिए भने सञ्चालन अर्का पीवीएम तथा ३ नं. प्रदेशका सचिव प्रवेशले गरेका थिए । कार्यक्रममा २५ औं जनयुद्ध दिवस भव्य रूपले मनाऔं भनेर लेखिएका वेलुन उडाइएको थियो ।

**अभियानसँगै जिल्ला जिल्लामा मनाइयो जनयुद्ध दिवस**

*रूपन्देही*

कञ्चनपुरको महेन्द्रनगरबाट सुरु गरेको *बाँकी ४ पेजमा*

## जनयुद्ध दिवसको अवसरमा शैक्षिक सामग्री वितरण



पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) का युवा नेता नारायण अधिकारी 'निश्च्छल' ले जनयुद्धको बाँकी कार्यभार र शहिदले छाडेका अधुरा सपनाहरू पुरा गरिछाड्ने बताउनुभएको छ ।

विद्यालयबाट प्लस दई पास गरी गएका विद्यार्थीहरूद्वारा गठित शहिद स्मृति माध्यमिक विद्यालय पोखरा १४ को भु.पु. विद्यार्थी मञ्चले आयोजना गरेको कार्यक्रमलाई संबोधन गर्दै नेता अधिकारीले यस्तो बताउनुभएको हो ।

अधिकारीले सामाजिक क्रान्तिको प्रक्रिया सिधा नभएको बताउँदै क्रान्ति र प्रतिक्रान्तिका अनेकौं चक्रहरू पार गर्दै नेकपा (क्रान्तिकारी माओवादी) अगाडी बढेको बताउनुभयो ।

उहाँले नेतृत्वका कारण नयाँ *बाँकी ७ पेजमा*

## सीमा अतिक्रमण र एमसीसीको नौ दलको जिल्ला जिल्लामा विरोधसभा सम्पन्न




तस्बिर : अमिट योञ्जन




काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) समेत नौ वाम दलले भारतीय विस्तारवादद्वारा गरिएको सीमा अतिक्रमण र राष्ट्रघाती एमसीसीको विरोधमा देशैभर विरोध प्रदर्शनसहित सभा सम्पन्न गरेका छन् । काठमाडौं, ललितपुर, भक्तपुर लगायत जिल्ला जिल्लामा नौं दलले दोस्रो चरणको घोषित आन्दोलनका कार्यक्रम अन्तर्गत शनिबार विरोध सभा सम्पन्न गरेका हुन् । हाम्रा सहकर्मीमार्फत् प्राप्त जिल्लागत समाचार अनुसार निम्न जिल्लाहरूमा यसरी विरोधसभा सम्पन्न गरिए ।

***काठमाडौं***

***लक्ष्मीराम दंगाल***

एमसीसी र सीमा अतिक्रमण विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) सहित नौ राजनीतिक दल तथा संगठनले देशको राजधानी शहर काठमाडौंमा विरोध प्रदर्शन गरे ।

काठमाडौंको गौशलामा आयोजित विरोध सभालाई नेकपा (क्रान्तिकारी माओवादी)की केस तथा काठमाडौं जिल्ला इन्चार्ज शारदा महत, नेकपा (मसाल) का जिल्ला प्रवक्ता जगत रेग्मी, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य लालबहादुर थापा, नेकपा (माले)का स्थायी समिति सदस्य *बाँकी ४ पेजमा*

## राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियान तीब्र

# केही ठाउँमा प्रहरी अवरोध र हस्तक्षेप



काठमाडौं । यतिखेर क्रान्तिकारी माओवादी चैत्र २४ सम्म देशव्यापी अभियानमा निस्किएको छ । माघ १५ गतेबाट सुरु गरिएको अभियान टोलीले अहिलेसम्म सातै प्रदेशका विभिन्न जिल्लाहरूमा राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियान सम्वन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको जानकारी प्राप्त भएका छन् ।

१ नं प्रदेश अभियान टोलीले झापाको दमक नगरपालिकामा पूर्वको केन्द्रीय अभियान टोलीले कोणसभा सम्पन्न गरेको छ । कोणसभालाई पार्टी प्रवक्ता तथा पूर्वी व्यूरो इन्चार्ज हरिभक्त कँडेल, अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष अम्बिका मुडभरी र प्रदेश सचिव रत्न गुरागाई लगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । कोणसभाको सञ्चालन पार्टी प्रदेश सदस्य गजेन्द्र निरौलाले गरेका थिए । भने २ नं. प्रदेशका जिल्लाहरूमा पनि यस्तै कार्यक्रमहरूलाई अगाडि बढाइएका छन् ।

३ नं प्रदेश अन्तरगत सिन्धुपाल्चोकका विभिन्न स्कुलहरूमा राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियानले तिब्रता लिएको छ । नेकपा(क्रान्तिकारी माओवादी) सम्वद्ध अखिल नेपाल क्रान्तिकारी विद्यार्थी युनियनले प्रशिक्षण,प्रचारप्रसार लगायत संगठन विस्तारलाई तीब्रता दिएको छ ।

यहि अभियानका दौरानमा सिन्धुपाल्चोक जिल्लाको जनजागृत उच्च माविमा अध्ययनरत कक्षा ११ र १२का विद्यार्थीहरूको २७ सदस्यीय समिति गठन *बाँकी ४ पेजमा*

## संसदबाट एमसीसी अनुमोदन नगर्न सभामुखलाई ज्ञापनपत्र



जनकपुर । नौ वाम दलले जनकपुरमा मुलुकको भु-भाग भारतीय फौजबाट लिन र एमसीसी सम्झौता नगर्नका लागि संयूक्तरूपमा विरोध सभा गरेका छन् ।

शुक्रबार जनकपुरमा नौ वाम दलले आयोजना गरेको संयूक्त विरोधसभामा बोल्दै नेकपा क्रान्तिकारी माओवादीका प्रदेश नम्बर २ का ईन्चार्ज हरिभक्त कडेल प्रतिकले मुलुकलाई विदेशीहरूको द्वन्द्वको भुमरीमा फसाउनका लागि कुनै पनि हालतमा एमसीसी लागु नगर्न चेतावनी दिए ।

नौ वटा कम्यूनिष्ट पार्टीहरूले देशको भु-भाग लिम्पियाधुरा, लिपुलेक, नालापानीबाट भारतीय फौज र एमसीसीको विरोधमा आयोजित संयूक्त विरोधसभामा नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य समेत रहेका प्रतिकले मुलुकमा दुई तिहाई बहुमतको कम्यूनिष्ट सरकारले कहिल्यैपनि देश र जनता विरोधी कार्य गर्ने दुस्साहस नगर्ने बताए । उनले नेपाली भुमीबाट भारतीय फौज हटाउन र एमसीसीमा हस्ताक्षर नगर्नका लागि मुलुक भर अभियान संचालन गरेको स्पष्ट पारे ।

उनले देशमा अहिले कथित कम्यूनिष्ट र राष्ट्रियता तथा देशभक्तको नाममा देश बेच्ने दलालहरू नै अग्रस्थानमा भएकाले शंकाउपशंका भई देशलाई जोगाउन अभियान नै संचालन गर्नुपरेको *बाँकी ७ पेजमा*

# महान जनयुद्धलाई फर्केर हेर्दा

**• वसन्त •**

*विषयको प्रस्तुती*

"प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नयाँ जनवादी राज्यसत्ता निर्माण गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने मूल नाराका आधारमा तात्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले ०५२ फागुन १का दिन दीर्घकालीन जनयुद्धको थालनी गरेको थियो । आन्तरिक रूपमा सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादको शोषण एवम् उत्पीडन र बाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादको हस्तक्षेपको अन्तगर्नका लागि राजतन्त्रात्मक संसदीय व्यवस्थाका ठाउँमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने उद्देश्य सहित सुरु गरिएको महान जनयुद्धले २४वर्ष पुरा गरी २५औं वर्षमा प्रवेश गरेको छ । नेपाली कम्युनिस्ट आन्दोलनको ७० वर्षको इतिहासमा यो अवधि क्रान्ति र प्रतिक्रान्ति

**विजयको सन्निकट पुगेको नेपाली नयाँ जनवादी क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ । यसका लागि पार्टीको मूल नेतृत्व मूख्य जिम्मेवार हो । यसमा कुनै प्रश्न छैन । तर यहाँ क्रान्तिकारीका पनि गंभीर कमजोरीहरू रहेका छन्**

दुवैका दृष्टिले निकै उत्कर्षको अवधि हुन गयो । यस कालखण्डमा घटेका सम्पूर्ण राजनीतिक घटनाक्रमको समग्र समीक्षा गर्न यो सङ्क्षिप्त लेखमा संभव छैन र यसको उद्देश्य पनि होइन । यहाँ जनयुद्धको थालनीका लागि वैचारिक पूर्वाधारको निर्माण, पार्टीको प्रतिवद्धता र जनयुद्धको ऐतिहासिक थालनी, जनयुद्धको प्रक्रियामा प्राप्त भएका राजनीतिक उपलव्धिहरू, मूल नेतृत्वको वैचारिक विचलन, गद्दारी तथा प्रतिक्रान्ति र प्रतिक्रान्तिको यो समग्र प्रक्रियाबाट क्रान्तिकारीहरूले आउने दिनमा लिनुपर्ने शिक्षा जस्ता विषयमा केन्द्रित रहने छ ।

***जनयुद्धको वैचारिक आधार***

नेपालमा जनयुद्धको थालनीका लागि पार्टीको वैचारिक आधार सामान्यतः नेकपा (मशाल)को गठन पछि र विशेषतः एकता केन्द्रको निर्माणदेखि तेस्रो विस्तारित बैठकसम्म आइपुग्दा तयार भएको हो । जनयुद्धको थालनी, निरन्तरता र विकासका निमित्त विचार निर्माणका दृष्टिले यो अवधि अत्यन्त महत्वपूर्ण रहेको छ । नेकपा (मशाल), नेकपा (चौम), सर्वहारावादी श्रमिक सङ्गठन र विद्रोही नेकपा (मसाल) का बीचको *बाँकी ७ पेजमा*

## सम्पादकीय

# जनयुद्ध दिवसको महत्व

फागुन १, २०७६ मा २५ औं जनयुद्ध दिवस मनाइयो । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशव्यापी रूपमा भव्य रूपले जनयुद्ध दिवस मनाए । राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारको अभियानकै बीचमा देशव्यापी रूपमा विभिन्न कार्यक्रम गरी क्रान्तिकारी माओवादी र देजमोले जनयुद्ध दिवस मनाए । यसपटक देशैभरि खुल्लासभा तथा कोणसभा गरी जनयुद्ध दिवस मनाइयो । र, दशवर्षको जनयुद्धमा बगेको रगत र भएको बलिदानको जगमा टेकेर नेपाली विशिष्टतामा आधारित क्रान्तिको नयाँ अभियानमा अगाडि बढ्ने क्रान्तिकारी माओवादीका नेताहरूले प्रतिबद्धता समेत जाहेर गरे । क्रान्तिकारी माओवादी, देजमोका अतिरिक्त नेकपा विप्लव, माओवादी केन्द्र (गोपाल किराती)ले पनि आ-आफ्नो सापेक्षतामा जनयुद्ध दिवस मनाए । जनयुद्धमाथि धोका र गद्दारी गरी एमालेमा विलय हुँदै संसदीय व्यवस्थाको भासमा भासिन पुगेको प्रचण्ड मण्डलीले पनि जनयुद्ध दिवस मनाएको नौटंकी गरेर जनयुद्धका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्ग, पूर्व जनमुक्ति सेना सहित जनयुद्धका पक्षधर आम जनसमुदायलाई दिग्भ्रमित बनाउने कोसिस गऱ्यो । जेहोस्, दशवर्षको जनयुद्धमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहभागी भएका सबैले जनयुद्धको २५ औं वर्षगाँठको अवसरमा आ-आफ्नो दृष्टिकोण र तरिकाले जनयुद्ध मनाए । क्रान्तिकारी कम्युनिस्ट तथा सच्चा माओवादीहरूले जनयुद्धबाट सकारात्मक र नकारात्मक शिक्षा लिदै नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने प्रतिज्ञा र प्रतिबद्धता व्यक्त गरे । अवसरवादी र संशोधनवादी तथा नवप्रतिक्रियावादी कित्तामा पुगेकाहरूले जनयुद्ध दिवस मनाए जस्तो गरी आमूल परिवर्तनका पक्षधर जनसमुदाय तथा माओवादी वृतमा भ्रम छर्ने कोसिस गरे । उनीहरू अहिले पनि विभिन्न नौटंकी गरी नयाँ जनवादी क्रान्तिका पक्षधर सच्चा मार्क्सवादी-लेनिनवादी-माओवादीहरूलाई एकीकृत र ध्रुवीकृत गर्न र हुनबाट रोक्ने प्रयास जारी राखेका छन् ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण'ले जनयुद्ध दिवसको अवसरमा एक वक्तव्य जारी गर्दै छरिएर रहेका सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध भई क्रान्तिको प्रक्रियामा अगाडि बढ्न आव्हान गर्नुभयो । र, वर्गदृष्टि र मूलबाटोलाई दिएको अन्तर्वार्तामा उहाँले सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध गरेरै छाड्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । क्रान्तिका लागि क्रान्तिकारीहरूको एकता अपरिहार्य रहेको बताउँदै उहाँले छरिएर रहेका सबै क्रान्तिकारीहरूलाई एकताबद्ध गर्न पहल गरिरहेको पनि बताउनु भयो । जनयुद्ध दिवस मनाउनुको अर्थ भनेको वर्तमान सन्दर्भमा क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने प्रतिबद्धतासहित क्रान्तिकारी एकताबद्ध हुने संकल्प गर्नु पनि हो ।

दशवर्षसम्म सञ्चालित जनयुद्ध नेपालमा नयाँ जनवादी राज्य व्यवस्था स्थापित गर्ने उद्देश्यसँग सम्बन्धित थियो । लक्षित उद्देश्य हासिल गर्ने स्थितिमा पुग्दै गर्दा जनयुद्धकै नेतृत्व गरिरहेको नेतृत्वका एउटा पंक्तिले गरेको धोका र गद्दारीका कारण जनयुद्धले 'सेट ब्याक' खान पुग्यो र आमूल परिवर्तनको प्रक्रिया अबरुद्ध बन्न पुग्यो । परिणामतः राज्य व्यवस्थाको गुणात्मक परिवर्तनको आधारको रूपमा रहेका जनयुद्धका उपलब्धिहरू : डिभिजन स्तरसम्मको जनमुक्ति सेनाको संरचना, आधारइलाका, जनकम्युन, जनसंस्कृति तथा आमूल परिवर्तनको पक्षमा पैदा भएको राजनीतिक जागरण तथा क्रान्तिकारी आशावाद अन्ततः धरासायी बन्न पुग्यो । अहिले मुलुकमा स्थापित लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व लगायतका राजनीतिक उपलब्धि मूलतः जनयुद्धकै तागतमा स्थापित हुन पुगेका भएपनि यसलाई क्रान्तिकारी माओवादीले केवल मात्रात्मक परिवर्तनको रूपमा लिएको छ । पुरानै संसदीय व्यवस्थाभित्र भएको रूपपक्षको मात्र परिवर्तन हो यो । राज्यव्यवस्था पुरानै यथावत छ । त्यो भनेको अहिले पनि राज्यव्यवस्थामा दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गको वर्चस्व रहेको छ । यसले देश र जनताको हितमा भन्दा पनि वैदेशिक प्रतिक्रियावादी शक्तिको स्वार्थ र निर्देशनमा काम गर्दै आएको छ । शान्तिप्रक्रिया आरम्भ भएयता भएका सत्ता अभ्यास, संविधान र सरकारको शासन शैलीले यही तथ्यलाई जनसर्वसाधारणले समेत महसुस गर्ने गरी पुष्टि गरिसकेको छ । यसको अर्थ जनताको वास्तविक शासन व्यवस्थाका लागि फेरि पनि अर्को एउटा संघर्ष वा क्रान्ति अपरिहार्य बनेर गएको छ । जनताले वर्तमान सत्ता, व्यवस्था र संविधानको विकल्प खोज्न थालेका छन् । त्यो विकल्पको रूपमा क्रान्तिकारी माओवादी, देजमो लगायतका राजनीतिक शक्तिहरू देखापर्दै गएका छन् ।

जनयुद्ध दिवसको यस सन्दर्भमा सबै सहिद तथा बेपत्ता योद्धा परिवार, घाइते अपाङ्ग, पूर्व जनमुक्ति सेना, नयाँ जनवादी क्रान्तिका पक्षधर सबै सच्चा मालेमावादीहरूले फेरि अर्को क्रान्तिको महाअभियानमा लामबद्ध हुने संकल्प गर्न जरुरी छ । यही नै जनयुद्ध दिवस मनाउनुको अर्थ र महत्व हो । यसलाई सबै कम्युनिस्ट क्रान्तिकारीहरूले गहिरोसँग आत्मसात गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# फागुन एक अर्थात् जनयुद्ध दिवस


● हिरामणि दुःखी ●

*"प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं"*

उपर्युल्लिखित नारा थियो जनयुद्ध थालनी गर्दाको । नयाँ जनवादी गणतन्त्र स्थापना गर्दै समाजवाद, साम्यवादमा पुग्ने लक्ष्य र उद्धेश्य थियो जनयुद्धको । तात्कालिन नेकपा माओवादीको नेतृत्वमा नेपाली जनताले पुरानो राज्यसत्ता ढाल्न पहिलो पटक बन्दुक उठाएका थिए । यतिखेर जनयुद्धका २४ वर्ष पूरा भएर २५औं वर्षमा प्रवेश गरेको छ । आज जनयुद्ध भनेको एकादेशको कथा जस्तो बन्न पुगेको छ । यो बीचमा जनयुद्धको मुख्य नेतृत्व गरेको नेतासहितको एउटा ठूलो हिस्सा संसदीय गणतन्त्रको सत्तामा आफूलाई समाहित गरेको छ । उसले हिजका आफ्नै सहयोद्धा र आफूलाई सुरक्षा प्रदान गरेका नेता कार्यकर्ताहरूलाई आतङ्ककारी भन्दै जेल कोचिरहेको छ र आफैंले प्रतिक्रियावादी घोषणा गरेका शक्तिसित घाँटी जोडेर फासिवादी सत्ताको संरक्षण गरेको छ । अर्को शक्ति न त जनवादी गणतन्त्र न त संसदीय गणतन्त्रलाई स्वीकार गर्दछ तथापि बेतुकको एकीकृत जनक्रान्तिको राग अलापेर प्रकारान्तरले बुर्जुवा सत्तासित साझेदारीको एजेण्डा बोकेर भूमिगत बनेको छ । त्यसैगरि एउटा शक्ति पुनः जनयुद्धका बाँकी कार्यभार पूरा गर्न र नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने लक्ष्यअनुरूप यतिखेर राष्ट्रिय स्वाधीनताको आन्दोलनको देशव्यापि अभियान चलाई रहेको छ ।




जनयुद्धलाई हेर्ने दृष्टिकोण सबैका आआफ्नै छन् र हुन सक्छन् । हिजो जनयुद्धलाई आतङ्ककारी देख्दै आतङ्ककारी विधेयक ल्याएर दमन गर्न तथा तिनका नेताहरूका टाउकाको मूल्य तोक्नेहरू नै आज सत्तामा विराजमान छन् । 'माछा मिठा, माछाका काँडा तिता' भन्ने नेपाली उखान यतिखेर सत्ताधारी नेकपाले चरितार्थ गरेको छ । जनयुद्धकै कारण स्थापिना भएको गणतन्त्रको स्वाद बालुवाटार, सिंहदरबार, संसदभवन र शितलनिवासमा बसेर मजासित डकारेको छ तर जनयुद्ध बेठिक थियो, त्यो हिंसाकै बाटो थियो र गलत थियो भनेर बकबास गरिरहेको छ ।

जनयुद्धको मूख्य कार्यभार दुईवटा थियो । एउटा देशमा शदियौंदेखि जरा गाडेर बसेको सामन्तवादी राज्यसत्ताको पहाड भत्काउनु । दोस्रो साम्राज्यवादी तथा विस्तारवादी हस्तेक्षपको पहाड फोडेर राष्ट्रलाई स्वाधीन, आत्मनिर्भर र स्वतन्त्र बनाउनु । यी दुई कार्यभार पूरा गर्नका लागि दीर्घकालिन जनयुद्धको कार्यदिशा लागू गरेर गाउँलाई मुक्त गर्दै जनसत्ता निर्माण गरी शहर र राजधानी कब्जा गर्ने रणनीति लागू गरिएको थियो । 'सय पटक नाप र एक पटक हान' भनेजस्तै निकै लामो तयारी पछि मात्रै नेपाली जनताले सचेतता पूर्वक बन्दुक उठाएको थियो । एक पटक बन्दुक उठाएपछि त्यसलाई अन्तिम टुङ्गोमा नपुऱ्याएसम्म नबिसाउने बाचासहित जनयुद्धको थालनी गरिएको थियो । जनयुद्ध थालनी गर्दा तात्कालिन केन्द्रीय समितिबाट जारि गरिएको छ बुँदे प्रतिवद्धताको सार सङ्क्षेप यसप्रकार थियो-

क) मालेमावादको हिंसासम्बन्धी शिक्षामा आधारित रही माओले विकास गर्नुभएको मार्क्सवादी सैन्य सिद्धान्तअनुरूप जनयुद्धप्रति अविचलित रहने ।

ख) जनयुद्ध "राज्यसत्ताबाहेक अरू सबै भ्रम हो" भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्दा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद, लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्ने ।

ग) हाम्रो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने । एक पटक हतियार उठाएपछि त्यसलाई अन्तसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं ।

घ) हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रवादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति, सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र *बाँकी ५ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# सरखारका दुई बर्से उपती

हिज फागुन दुई गते भ्यालेन्टाइने दिनबाट नेपाल मण्डलको उखाने सरखारले दुई बर्से बुटो नाघेर तीन बर्समा पाइला टेकेको छ । त्यसैले यतिबेला सरखारले गरेका दुई बर्सका खती उपतीका बारेमा सडकदेखि सदनसम्म, चिया पसलदेखि भट्टी पसलसम्म र सिँगान पुछ्ने स्कुलदेखि चुल्ठेमुन्द्रे कलेजसम्म जतातै चर्चा परिचर्चा चलेकै छ । सरखारी पाटीका भक्तजनहर्ले सरखारका उपतीको पोको पन्तुरो खोलेर फुर्ती लाउँदै हिँडेका छन् । सदनमा दुईत्याई मत पाएर बनेको सरखारी पाटीले एकलौटी रूपमा सरखारी कुँडो लुँड्याएपछि प्रतिपक्षको दाम्लोले बाँधिएर बसेको पाटीले मुख मिठ्याउँदै हिजका दिनमा आफूले हसुरेको सम्झँदै ऱ्याल चुहाउँदै सरखारी पाटीको सत्तोसराप गरिरहेको छ । यो वर्तमान परिप्रेक्षमा सरखारका दुई बर्से उपती के कस्ता भए भन्ने विषयमा यो कैलुले अध्ययन गरेर निष्कर्ष निकालेको छ ।

आज सरखारका मुखिया उखानप्रसादले संसदमा भाषण गरेर आफ्नो दुई बर्से कार्यकालमा आफूले गरेका उपतीहरूको बेलीविस्तार लाए । प्रस्तुत छ सरखारका मुखियाको भाषामा जस्ताको तस्तै उपतीहर्को सार सङ्क्षेप -

➢ सबैभन्दा पहिलो उपलब्धी (यसलाई झर्रो भाषामा उपती पनि भनिन्छ) दुई दुई बर्ससम्म हलचल नगरिकन सरखार स्थिर रहनु हो । कोई माइकालालले पनि सरखार ढाल्न सकेन । दुई थान पूरा र दुई थान आधा मन्तरी खान मधेशका मुखियाहरू आ'का थे । भैंडाको मुखमा कुबिन्डो नअटेझैं भयो तिनरुलाई । ती पनि हाम्ले जस्तै मनपरी हसुर्न नपाएर ठुस्किएर हिँडे ।। सरखार त हलचल क्यै भएन ।

➢ आर्को कुरा यो दुई बर्समा हाम्ले यति धेरै भाषण गरेम कि अबको बीस तीस बर्सलाई पुग्ने भाषण गरिम । यो पनि हाम्रो महत्वपूर्ण उपती हो ।

➢ मैले सरखारको कुर्चीमा गजधम्म बस्नीबेला भनेको थैं भ्रष्टाचारलाई सुन्नेमा झार्छु । भ्रष्टाचार आफू पनि गर्दिन, अरुलाई पनि गर्न दिन्न । मैले बाचा पूरा गरेरै छाडेँ । भ्रष्टाचारलाई सुन्नेमा झारैं । अहिले गाउँगाउँमा, होटेल, बस, स्कुल, क्याम्पस, पत्रपत्रिका, बुद्धिजिवि जतातै भ्रष्टाचारै भ्रष्टाचारका कुरा गर्चन् । हाम्ले तिनका कुरा चुपचापले सुनिरहेका छम् । सुन्नेमा झारेको यै हैन त ?

➢ आर्को उपती भनेको पैला पैला भ्रष्टाचार गरेका समेतलाई अख्तियार लाएर सरखारले तिन्लाई ठिक पाऱ्यो । हाम्रा बिरोधी जति कसैलाई छोड्दैनम् हाम्रा भित्रियाहरूलाई छुँदै छुन्नम् । यो पनि महत्वपूर्ण उपती हो ।

➢ धनपैसोमा कसैले आँखा नलाओस् भनेर ठूलाठूला आयोजनाहरू सबैलाई पर्धानमन्तरीको मातहतमा ल्याएर म आफैं शक्तिशाली बनेको छु । यो पनि उपती नै हो ।

➢ हाम्रो पाटीका हामी दुई थान मुखियाहर्ले पालो पालो सरखारी कुर्चीमा बिराजमान हुने हाम्रो सहमती थ्यो, ऐले म एक्लै पूरै अवधी कुर्चीमा बसिराख्ने सहमती हाम्ले आपसमा गरिम्, यो पनी हाम्रो उपती नै हो ।

➢ मैले पानीजाँज ल्याउने, रेल कुदाउने बाचा गरेको थैं, पानीजाँज त नारायणी नदी र कोशीमा आइसक्यो । तीनकुनेमा त्यसको अफिस पनि खोलेकै हो । अफिसमा कर्मचारी बसेर गरिखानै सकेनन्, कोशीमा जाँज चलाउनै सकेनन् त मैले के गरुँ ? बाँदरको हातमा नरिवल ।

➢ यो दुई बर्समा चार पाँच थान मन्तरीलाई आलोपालो गरेर कुँडो खाने बातावरण बनाएँ । त्यो पनि उपती नै हो । पाँच बर्ससम्म पाटीका अरुलाई पनि कुँडो खाने चान्स मिलाइदिम्ला भनेर सोँचेकै छु ।

➢ बिरामी परेर बिदेश कति चोटी गइयो, टिचिङ र ग्राण्डीमा पनि हप्तामा दुईफेरा गएकै छु । त्यसमा करोडौं बजेट परिचालन भएको छ । बजेट फ्रिज हुन दिइएको छैन । यो पर्नि महत्वपूर्ण उपती हो । अझ बिदेश गएका बेला तउतैबाट भिडियोमा सरखारको बैठक बसियो । संसारमा कसैले नगरेको उपती हाम्ले गरिम् ।

➢ एमसिसिलाई खुरुक्क संसदमा छिर्न नदिएका भएर महरालाई ऐले डिल्लीबजारको खोरमा सजिलै छिराइदिइम् । यता छिराउन नजान्ने र नमान्ने जतिलाई उता सजिलोसित छिराउने व्यवस्था मिलाउनु पनि उपती नै हो ।

➢ एक मैनासम्म संसदलाई बन्धक बनाएर जेट बिमानका हामी दुई थान पाइलट घम्साघम्सी लड्दा लड्दा बल्ल तल्ल कुनै घुमाउरो बाटोबाट भएपनि एमसिसिलाई छिराइहाल्ने सहमती अनुसार दुई नम्बरी पाइलट गुटका केजाति आगोप्रसादलाई सभाको मुख बनाएका छम् । नाउँले उनी आगो भएपनि हामी दुईथानका अगाडि लुथ्रुकै पानी पानी भैहाल्चन् । यो पनि महत्वपूर्ण उपती नै हो ।

➢ कालापानीको नक्सा छिमेकका दोस्तीले आफ्नोमा गाभ्दा पनि हामी चुपचाप सहेर बसैकै छम् । वुद्धले हाम्लाई शान्तिको पाठ पढाएकै छन् । यो त वुद्धको देश पनि त हो । जस्ले जे गरे पनि हामी चुपचाप सहेर पचाइदिन्छम् ।

➢ पर्धानमन्तरी रोजगार कार्यक्रम लागू गरेर कत्रो उपती भएको छ । भिसा नलागेका, पैसा नभएर विदेश जान नपाएर सडकमा हल्लिएर रल्लिएका हाम्रो आफ्नै पाटीका भक्तजनहर्लाई पहेंलो ज्याकेट, टाप लाएर, बेल्चा, कुटो, हँसिया, झाडु समाएर सडकमै हल्लिएर तलब थाप्ने व्यवस्था मिलाइदिएका छम् ।

➢ चिया पसलदेखि चटपटेसम्म, कुखुरा, बाख्रा, सागसब्जी लाउने किसान, सबैलाई हग्दा मुत्दासम्मको कर लगाएर भोटर रैतीजनहर्लाई ढाडै भाँचेका छौं । यसले सरखारको ढुकुटीमा त कति हो कति पैसो थुप्रिएको छ । हाम्लाई हसुर्नै हम्मे हम्मे परेको छ । तल तलका थानीय सरखारका धनप्रतिनिधिहर्ले कर असुलेर थुपारेको बजेट कसरी खर्च गरम् भनेर गाडि, घोडा, मोटर साइकिल, ल्यापटप, कम्प्युटर खरिदेर धनप्रतिनिधिहर्लाई धमाधम बाँडेका छन् । घरघरमा सिँहदरबार भनेको यै हो ।

➢ भर्खरै सम्पन्न राष्ट्रियसभाको चुनाउमा सरखारी पाटीले मात्रै सबै सीट जित्यो । यसैगरी छ बर्ससम्म राष्ट्रियसभामा कोई एक जना पनि विपक्षी पाटीको रहने छैन । सतप्रतिशत हाम्रै मात्र हुन्च । त्यो झन् महा उपती हो ।

➢ संविधान संविधानलाई गोली मारेर हाम्ले तीन नम्बर पर्देशका मान्नेहर्लाई खुरुक्क नाउँ बागमती र राजधानी हेटौंडा तोक भनेर आदेश जारी गरिम् । अब पाँच नम्बर र एक नम्बरलाई पनि यसैगरी आदेश दिएर ठिक पार्चम् ।

➢ बाल्वाटार काण्ड, सुनकाण्ड, सिण्डिकेट काण्ड, निर्मला काण्ड, कालापानी काण्ड, एमसिसि काण्ड, ठेकेदार ठिक पार्ने काण्ड, मिडिया विधेयक काण्ड, यति होल्डिङ्स काण्ड, होली वाइन काण्ड, वाइडबडी काण्ड आदि इत्यादि यस्ता काण्डैकाण्डको नेतृत्व गर्न पाउनु सरखारको महत्तमातित महत्वपूर्ण उपती हो सभाका मुख महोदय ।

३ फागुन २०७६

# जनयुद्धकै जगमा टेकेर क्रान्तिको अर्को अभियानलाई अगाडि बढाउँछौं



**जुन नेताहरू घमण्ड गरेर क्रान्तिकारी पार्टी एकताका विरूद्धमा जान्छन्, उनीहरूलाई परिस्थितिले ठिक गर्छ । संघर्ष र आन्दोलनका बीचबाट क्रान्तिकारीहरूलाई गोलबन्द गरेरै छाड्छौं**

**❑ मोहन वैद्य किरण, महासचिव- नेकपा (क्रान्तिकारी माओवादी)**

***आजभन्दा २४ वर्ष अगाडि सुरु भई दशवर्षसम्म सञ्चालित जनयुद्धलाई नेकपा (क्रान्तिकारी माओवादी)को महासचिवको हैसियतले कसरी स्मरण, मूल्याङ्कन तथा समीक्षा गर्नुहुन्छ ?***

जनयुद्धको संस्मरण गर्दा यसका दुईवटा पाटा रहेका छन् : सकारात्मक र नकारात्मक । सकारात्मक पाटोको चर्चा गर्दा दशवर्षसम्म जनयुद्ध गरियो । दशवर्षका बीचमा पुरानो राज्यसत्ताका विरुद्ध लड्ने जनमुक्ति सेनाको डिभिजन स्तरसम्मका संरचनाहरू बने । देशका विभिन्न भागहरूमा आधारइलाकाहरूको निर्माण भयो । जनसरकारहरू बने । पार्टी संगठनको व्यापक स्तरमा विस्तार भयो । यसले देशभित्र र देशबाहिर पनि सगरमाथाको देशबाट क्रान्तिको राम्रो सन्देश प्रवाहित गऱ्यो । नेपाली जनता अब क्रान्ति पूरा हुन्छ, जनताका समस्याहरू समाधान हुन्छन्, र नेपालमा अब नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना हुन्छ अनि समाजवादमा जान सकिन्छ भन्ने जनताले क्रान्तिकारी आशावादका साथ अपेक्षा पनि गरे । यो जनयुद्धको सकारात्मक पाटो हो । महान जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा जनयुद्धको एउटा नेतृत्वले ठूलो बद्मासी गऱ्यो । उसले गम्भीर प्रकारको धोका दियो । र, जनयुद्धप्रति गद्दारी गऱ्यो । हामीले पुरानो राज्यसत्तालाई फालेर नेपालमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्नुपर्छ, हतियार उठाएपछि हतियार बिसाइदैन, त्यसो गर्दा अपराध हुन्छ भनेर जुन प्रतिबद्धता जाहेर गरिएको थियो, त्यो प्रतिबद्धताका विरुद्ध जसका विरुद्ध लडिएको थियो, त्यसैसँग साँठगाँठ गरेर, पुरानै राज्यव्यवस्था स्वीकार गरेर नेतृत्वले जुन गम्भिर धोका दियो, त्यो नकारात्मक खालको संस्मरण हो । हामीले जनयुद्धका सकारात्मक पक्षलाई ध्यान दिंदै दशवर्षको जनयुद्धको प्रक्रियामा सहिदहरूले खेलेको भूमिका, वेपत्ता योद्धाहरूको त्याग, जनमुक्ति सेनाका योद्धाहरू र जनताको त्याग र बलिदानका कीर्तिमानहरूको मूल्यबोधको जगमा खडा भएर इतिहासका नकारात्मक पाटो र सकारात्मक पाटोबाट पनि शिक्षा लिदै फेरि क्रान्तिको दिशामा नयाँ ढंगले जानु पर्दछ । जनयुद्धको संस्मरण, समीक्षा र मूल्यांकन यही हो ।

***जनयुद्धको सकारात्मक र नकारात्मक पाटोबाट शिक्षा लिदैं नयाँ ढंगले क्रान्तिको प्रक्रिया अगाडि बढाउने कुरा गर्नुभयो । नयाँ ढंगले भनेको कस्तो हो अलि प्रष्ट पारिदिनुस् न ।***

नयाँ ढंग भन्नाले जनयुद्ध गर्दाताका र अहिलेको अवस्थामा केही परिवर्तनहरू भएका छन् । राज्यसत्ताका हिसाबले त खासै परिवर्तन भएको छैन । विज्ञान, प्रविधिमा, सूचना सञ्चारको क्षेत्रमा परिवर्तनहरू भएका छन् । यो स्थितिमा कसरी अगाडि बढ्ने त भन्ने विषयमा सोच्दा नेपाली विशिष्टतामाथि ध्यान दिदै त्यही अनुसार संघर्षको कार्यदिशालाई विकास गर्दै अगाडि बढ्नुपर्छ भन्ने हो । जस्तो अब फेरि जनयुद्धजस्तो ठ्याक्कै हुँदैन तर जनयुद्ध नहोला भन्न त सकिदैन । आवश्यकता परे जनयुद्ध पनि हुन सक्छ । तर विगतमा लडेजस्तै तरिकाले हुँदैन । नेपाली विशिष्टतामा आधारित भएर सशस्त्र विद्रोह गर्नुपर्छ र त्यसको तयारी गर्नुपर्छ । जनयुद्ध, जनआन्दोलन, जनसंघर्ष बीचमा तालमेल मिलाउँदै फेरि अर्को संघर्षको तयारी गर्नुपर्छ भन्ने नै हो ।

***भनेको जनयुद्धको जगमा सशस्त्र जनविद्रोह भन्ने नै हो ?***

जगमा त उभिनै पर्छ । जनयुद्धको, जनआन्दोलनका जग पनि हुन्छन् । यी अनुभवहरू नभई हुँदैन । पोखराको राष्ट्रिय सम्मेलनबाट हामीले नेपाली विशिष्टतामा आधारित रहेर नेपालमा सशस्त्र जनविद्रोहको प्रक्रियालाई अगाडि बढाउनु पर्छ भनेर सातौ अधिवेशनको भन्दा यो अलि फरक कार्यदिशा विकसित गरेका छौं ।

***राजतन्त्र समाप्त भई मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै जनयुद्धको मूल उपलब्धिको रूपमा व्याख्या गर्दै यसैलाई आधार मान्दै फरक रूपमा नयाँ जनवादी क्रान्तिको प्रक्रिया पुरा भएको भनेर अलि बढी प्रचार गरिएको छ । यस विषयलाई कसरी लिनु भएको छ ?***

-पहिलो कुरा त हिजो बैधानिक राजतन्त्र थियो, अहिले गणतन्त्र भा छ । जस्तोसुकै भए पनि संघीयता भन्ने छ । धर्मनिरपेक्षता छ । समावेशी समानुपातिक प्रतिनिधित्वका कुरा पनि छन् । थोरै फरक त हो । यो मात्रात्मक फरक मात्रै हो । गुणात्मक फरक भन्ने कुरा केही पनि छैन । जस्तो राज्यसत्ता हिजो पनि नोकरशाही दलाल पुँजीवाद, सामन्तवादको हातमा थियो, हिजो पनि संसदीय व्यवस्था नै थियो, हिजो पनि हामीले देशीय प्रतिक्रियावादका साथसाथै वैदेशिक प्रतिक्रियावादका विरुद्ध संघर्ष गर्ने भनेका थियौं, भारतीय विस्तारवादसँगका थुप्रै असमान सन्धिसम्झौताहरूको खारेजीको कुरा गरेका थियौं, देश नवऔपनिवेशिक दिशामा गइरहको विश्लेषण गर्दै आइरहेका थियौं आदि यी सबै अवस्थाहरू अहिले पनि यथावतै रहेका छन् । लडियो लडियो, संसदीय व्यवस्थाको ठाउँमा संसदीय व्यवस्था ! अनि के क्रान्ति भयो त ! सबै संरचना उही पुरानै छ । क्रान्ति भनेको त संरचनामा आमूल परिवर्तन हो । आमूल परिवर्तन नहुने हो भने त क्रान्ति भएको मानिन्न नि त । पुरानै सत्तालाई युद्ध आन्दोलनका एकथरी सारथीहरूले, ऐतिहासिक झापा विद्रोह गर्नेहरूले, दशवर्षको जनयुद्धमा संलग्न हुने नेतृत्वको एउटा पंक्तिले यही हो उपलब्धि भनेर भनिराखेका छन् । जसका विरुद्ध लडेका थियौं, त्यसैसँग आत्मसमर्पण गर्ने अनि त्यसैलाई क्रान्ति भन्ने ? उहाँहरूले थुप्रै कुरा गर्नुहुन्छ परिवर्तन भयो भनेर । तर मूलभूत रूपमा गुणात्मक परिवर्तन केही पनि भएको छैन ।

***यसै विषयलाई लिएर त्यो पंक्तिले क्रान्ति सम्भव छैन, हुँदा पनि हुँदैन, आवश्यक पनि छैन भनेर अलि बढी प्रचार गरिरहेको छ नि ?***

क्रान्ति गर्न पर्दैन भन्दा त समस्या समाधान हुनुपऱ्यो नि त । राष्ट्रियताको समस्या पहिलेको भन्दा अझ थपिएको छ । जनतन्त्रका समस्या र जनजीविकाका समस्या पनि विकराल अवस्थामा छन् । हामीले राष्ट्रिय स्वाधीनताको विषयलाई लिएर लड्दै आएका थियौं । अहिले भारतले त लिम्पियाधुरा, कालापानी, लिपुलेकसम्मको भूभागलाई घोषित रूपमा आफ्नो नक्साभित्र गाभिसक्यो । कालापानीमा त ब्यारेक नै राखिराखेको छ । ७१ भन्दा बढी ठाउँमा सीमा अतिक्रमण भइराखेको छ । पुराना असमान सन्धि सम्झौताहरू कायमै छन् । राष्ट्रियताका यी समस्या त गम्भिर छँदैछन् । त्यसमाथि अमेरिकाको एमसीसीले झन संकट थपेको छ । हिन्द प्रसान्त रणनीतिको कुरा आइराखेको छ । नेपाललाई एउटा सैन्य गठबन्धनमा सामेल गराउने कुराहरू आइरहेको छ । सरकारले ती सबै कुराहरूलाई अनुमोदन गराएर अमेरिकी साम्राज्यवादसँग साँठगाँठ गर्न खोजिरहेको छ । यसबाट नेपालमा राष्ट्रियताको समस्या त झन जटिल बन्दै गइरहेको देखिन्छ ।

जनतन्त्रका कुरा गर्ने हो भने संसदीय व्यवस्थाको जनतन्त्र कस्तो हो भने कुरा गर्नलाई त छ अलि अलि । स्वतन्त्रता, समानता, भातृत्वको करा गर्छन् । जब साँच्चै जनतालाई अधिकार दिने कुरा आउँछ, त्यो त दिइदैन । पहिचानसहितको संघीयताको कुरा थियो, नाम राखिएको छ पञ्चायतीकालका अञ्चलकै नाम जस्तै । बाग्मती, गण्डकी । खै त पहिचान कहाँ गए ? पहिचानसहितको संघीयता त सबै गुमिहाल्यो । पार्टीहरूका कुरा गर्ने हो भने एकदम लोकतन्त्रको वकालत गर्छन्, विप्लव जीको पार्टीलाई प्रतिबन्ध लगाउँछन् । त्यो पार्टीलाई किन प्रतिबन्ध लगाउनु पऱ्यो । यत्रो रगत पसिना बगाएर ल्याएको भन्ने अनि पार्टीमाथि प्रतिबन्ध लगाउने ? अनि कहाँबाट लोकतन्त्र भयो ? एकदम गरिबको पक्षमा सरकार भन्ने आर्थिक समानता खोइ त ? धनी र गरिब बीचमा यत्रो खाडल छ । त्यही हो लोकतन्त्र ? यसरी हेर्दा जनतन्त्रका समस्या पनि गम्भिर छन् ।

**जनताले, सहिद, वेपत्ता, घाइते अपाङ योद्धा, जनमुक्ति सेनाका योद्धाहरूले त्याग, तपस्या, बलिदानको जुन कीर्तिमान कायम गरे, त्यो रगत खेर जाँदैन । अहिले उहाहरूले दु:ख पाए पनि हामी त्यही जगमा उभिएर क्रान्तिको अर्को अभियानलाई अगाडि बढाउँछौं**

जनजीविकाका समस्याहरू त अझ विकराल छन् । भ्रष्टाचारको कुनै सीमा छैन । यति समूह, ललिता निवास, बालुवाटार, वाइडबडी, न्यारोबडी प्रकरणहरू सार्वजनिक भइरहेका छन् । भ्रष्टाचार काण्डका नयाँ नयाँ घटनाहरू सार्वजनिक भइरहेका छन् । यी सबै घटनाप्रक्रियाहरूलाई हेर्दा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू झन विकराल बन्दै गइरहेका छन् । क्रान्ति पुरा भयो अब गर्नु पर्दैन भन्ने कुरा त सरकारमा बसेकाहरूले भन्ने कुरा मात्रै हो । उनीहरूलाई क्रान्ति आवश्यक छैन । उनीहरूलाई त भयो त । त्यो पनि आत्मसमर्पण गरेर भयो । घर खनेर आँगन पुर्नेलाई के भन्ने ? अहिले दुई तिहाईको सरकार भन्ने अलिकति दम्भ छ उनीहरूलाई । फेरि चुनाव त होला नि त । यो दम्भ त्यही चुनावमा सिद्दिन्छ । त्यसबेला उनीहरूलाई थाहा हुन्छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई अब नयाँ जनवादी क्रान्तिसँग जोडेर लैजान आवश्यक छ । समाजवादी क्रान्ति पनि यिनै समस्यासँग जोडिएका छन् । क्रान्ति हुन्छ । त्यो आवश्यक छ र सम्भव पनि छ ।

***अहिले क्रान्तिकारी माओवादीले एकल रूपमा र नौं दलीय कार्यगत एकतामार्फत् संयुक्त आन्दोलन पनि अगाडि बढाइरहेको छ । तर ती आन्दोलनमा अपेक्षित जनताको सहभागिता किन भइरहेको छैन ?***

अहिले अपेक्षित रूपमा जनताको सहभागिता कम छ । विस्तारै बढ्दै जान्छ । हाम्रा अभियान, कार्यक्रमहरूमा जनताको सहभागिता विस्तारै बढ्दै गइरहेको छ । अपेक्षा गरे अनुसारको सहभागिता अहिले तुरुन्तै भइहाल्छ भन्ने पनि छैन । आन्दोलनको प्रक्रिया अगाडि बढाउँदै जाँदा र जनताले वास्तविक कुरा बुझेपछि जनताको व्यापक सहभागिता हुन्छ । यो त हाम्रो रिहर्सल मात्र हो । यो त समान्य आन्दोलन मात्र हो । यसलाई सबै हिसाबले अगाडि बढाउँदै लैजान्छौं । क्रान्ति, रूपान्तरण, परिवर्तन पार्टीले चाहेर मात्र हुँदैन । जनताले चाहनु पर्छ । रहरले हुने कुरा होइन । क्रान्ति त आवश्यकता र बाध्यताको बीचबाट हुने कुरा हो ।

***वैदेशिक हस्तक्षेप विरुद्धको प्रतिरोध संघर्ष उठान गर्ने क्रममा एकल र संयुक्त रूपमा भइरहेका प्रयासहरूका बारेमा केही बताइदिनुस् न ।***

एकल रूपमा चैत्र २४ सम्म अहिले हाम्रो पार्टी देशव्यापी अभियानमा छ । राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारलाई एकसाथ जोडेर अहिले अभियान चलाइरहेका छौं । चैत्र २४ पछि 'लिम्पियाधुरा जाऔं' भन्ने अर्को अभियान चलाउने पनि तयारी गरिरहेका छौं ।

संयुक्त आन्दोलन पनि सँगसँगै अगाडि बढाइरहेका छौं । अहिले हामीले नौं दलबाट सुरु गरेका छौं । यसमा बुद्धिजीवि तथा नागरिक समाजको तहबाट जारी राखिएका आन्दोलनहरूलाई पनि जोड्ने प्रयास गरिराखेका छौं । उहाँहरूसँग पनि हाम्रो कुरा भइरहेको छ । खुशीको कुरा के पनि छ भने सरकारमै रहेका पार्टीका केही नेताहरू पनि हामीले राखेका कार्यक्रमहरूमा सहभागि हुनुभएको छ । राष्ट्रिय स्वाधीनताको पक्षमा देखिएको यो घटनाक्रम भनेको राष्ट्रिय प्रतिरोध आन्दोलन विकसित, विस्तारित र सुदृढ हुँदै जान्छ भन्ने लक्षण हो ।

***यो परिस्थितिमा नयाँ जनवादी क्रान्तिका पक्षधर विभिन्न कम्युनिस्ट घटकहरूलाई एकताबद्ध तुल्याउने दिशामा पनि क्रान्तिकारी माओवादीले पहल गरिरहेको छ । त्यसको सम्भावना चाहिं कस्तो छ ?***

तुरुन्तैको सम्भावना नदेखिएपनि विभिन्न समुहमा छरिएर रहेका क्रान्तिकारीहरूलाई गोलबन्द गरेर जानुपर्छ भन्नेमा हामी स्पष्ट र दृढ छौं । पहल पनि गरिरहेका छौं । जुन नेताहरू घमण्ड गरेर क्रान्तिकारी पार्टी एकताका विरुद्धमा जान्छन्, उनीहरूलाई परि स्थितिले ठिक गर्छ । संघर्ष र आन्दोलनका बीचबाट क्रान्तिकारीहरूलाई गोलबन्द गरेरै छाड्छौं । क्रान्तिका निम्ति क्रान्तिकारीहरूलाई गोलबन्द गर्न जरुरी छ ।

***विप्लव नेकपाले गरिरहेको गतिविधिलाई चाहिं यहाँले कसरी हेर्नुभएको छ ?***

विप्लव जीले त्यस्तो ठूलै केही गर्न खोजेको भन्ने होइन । उहाँहरू दलाललाई हान्ने भन्नुहुन्छ, केही केही ठाउँमा त हान्नुभएको पनि हो । त्यही मात्रले हुनेवाला त छैन । त्यसकारण त्यसलाई त्यतिका ठूलो बनाएर पेश गर्नुपनि उपयुक्त हुँदैन । अर्कोकुरा विप्लवप्रतिको सरकारी व्यवहार पनि राम्रो छैन । पार्टीलाई प्रतिबन्ध लगाएर नेता कार्यकर्ताहरूलाई धमाधम जेलमा हालिरहेको छ । यसको हामीले जोडदार रूपमा विरोध गर्दै आएका छौं । हामीले विप्लव जीलाई भन्दै आएका छौं- तपाईहरू मिहिनेत गर्नुस्, पार्टी एकता गरौं, कार्यदिशाको विषयमा छलफल बहस गरौं । त्यो तरिकाले हुँदैन । तरिका उहाँहरूको बिग्रिएको छ । सरकारले पनि त्यो तरिकाले दमन गर्नु हुँदैन । सरकारले आफ्नो तानाशाहीपन देखाइरहेको छ । उहाँहरूले पनि कसरी लैजाने भन्ने विषयमा त्यतिका सोचेर बुझेर कार्यक्रम बनाइरहनु भएको छैन । नयाँ ढंगले सोच्नु पऱ्यो भन्ने हाम्रो विप्लव जीलाई सुझाव छ ।

***अन्तमा, जनयुद्धका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ, कार्यकर्ता पंक्ति लगायत आमूल परिवर्तनका पक्षधर जनसमुदायलाई जनयुद्ध २५ औं वर्ष प्रवेशको अवसरमा के सन्देश दिन चाहनुहुन्छ ?***

हामीले समाजको आमूल परिवर्तन गरेर नयाँ जनवादी राज्यसत्ता स्थापना निर्माण गर्ने भनेर जनयुद्ध गरेका थियौं, त्यो लक्ष्य त पुरा हुन सकेन । तर जनताले, सहिद, वेपत्ता, घाइते अपाङ्ग योद्धा, जनमुक्ति सेनाका योद्धाहरूले त्याग, तपस्या, बलिदानको जुन कीर्तिमान कायम गरे, त्यो रगत खेर जाँदैन । अहिले उहाँहरूले दुःख पाए पनि हामी त्यही जगमा उभिएर क्रान्तिको अर्को अभियानलाई अगाडि बढाउँछौं । जनयुद्धमा बगेको रगत, बलिदान खेर गएको छैन । यसमा गर्व गर्नुपर्छ । जनयुद्ध र बलिदानमाथि भएका धोका र गद्दारीका विरुद्ध वैचारिक संघर्ष गर्दै सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्ग योद्धा, जनमुक्ति सेनाका योद्धाहरू र अन्य नेता कार्यकर्ताहरूलाई पनि क्रान्तिको प्रक्रियामा जोडिन आव्हान गर्दछु । सहिद, वेपत्ता योद्धा परिवार, घाइते अपाङ्ग योद्धा, जनमुक्ति सेनाका मागहरूप्रति ऐक्यबद्धता जनाउँदै ती माग पुरा गराउन पनि लड्ने प्रतिबद्धता व्यक्त गर्दछौं । जनयुद्धको २५ औं दिवसको यस ऐतिहासिक अवसरमा म जनयुद्धको प्रक्रियामा सहादत प्राप्त गर्ने वीर अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, वेपत्ता र घाइते तथा अपाङ्ग योद्धाहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु र जनसमुदायद्वारा प्रस्तुत गरिएका त्याग, वीरता र बलिदानका कीर्तिमानहरूको संस्मरण गर्दछु । साथै, यस अवसरमा सहिद तथा वेपत्ता योद्धाका परिवारजन, सम्पूर्ण पार्टी कमरेडहरू, समर्थक तथा सुभेक्षुकहरू, आदरणीय जनसमुदाय र भाईचारा पार्टी तथा विश्व सर्वहारावर्गप्रति हार्दिक शुभकामना र लाल अभिवादन अर्पण गर्दछु ।

## क्रान्तिकारी...

पश्चिम व्यूरोको अभियान टोलीले भव्य रूपमा जनयुद्ध दिवस मनायो । विहान रूपन्देहीको हरैया चोकमा कोणसभा सम्पन्न गरेको यो अभियान टोलीले दिउसो बुटवलको पुष्पलाल चोकमा नाराजलुससहित जनयुद्ध समारोह भव्य रूपमा मनाएको थियो ।

हरैया चोकको कोणसभाको सञ्चालन केजी कुमारले गरेका थिए भने कोणसभालाई पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीस र केस तेजविक्रम शाहीले सम्बोधन गरेका थिए । त्यसपछि अभियान टोली बुटबल बजारको पुष्पलाल चोकमा आयोजित २५ औं जनयुद्ध दिवस समारोहमा सहभागि भयो ।

बुटवलको ट्राफिक चोकबाट सुरु भएको जुलुस पुष्पलाल चोकमा पुगेर सभामा परिणत भएको भएको थियो । रूपन्देही जिल्लाका सेक्रेटरी विनोद मरासिनीको अध्यक्षतामा सम्पन्न जनयुद्ध दिवस समारोहलाई पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, पीवीएम धनेश्वर पोखरेल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिवालय सदस्य पिताम्बर आचार्य, अखिल नेपाल आदिवासी जनजाति महासंघका तर्फबाट दलबहादुर छन्त्याल, मुस्लिम राष्ट्रिय मुक्ति मोर्चाका तर्फबाट मोजिव अली र सम्पूर्ण जबसको तर्फबाट अखिल (क्रान्तिकारी) का सचिव महेश श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए । प्रमुख वक्ता श्रीस लगायत सबै वक्ताहरूले जनयुद्ध जुन उद्देश्यको लागि सुरु गरिएको थियो, त्यो उद्देश्य पुरा नभएको भन्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न सशस्त्र जनविद्रोह अपरिहार्य रहेको कुरामा जोड दिए ।

कार्यक्रममा स्वागत मन्तव्य छवि खेरेलले राखेका थिए । जनयुद्ध दिवस समारोहमा पार्टीका पीवीएम तथा ५ नं. प्रदेशका इन्चार्ज प्रेम सुवेदी, क्रान्तिकारी युवा लिगका महासविच दिलबहादुर कठायत लगायतका नेताहरूको उपस्थिति रहेको थियो भने स्थानीय जनताहरूको समेत सहभागिता रहेको थियो ।

*चितवन*

२५औ जनयुद्ध दिवस चितवनमा भव्य रूपमा सम्पन्न भएको छ । फाल्गुण १ गते क्रान्तिकारी युवा लिग नेपालको आयोजनामा सयौंको संख्यामा भेला भएका संगठनका नेता तथा कार्यकर्ताले भरतपुरको लाइन्सचोकबाट नाराजुलुससहित शुरु गरेको मार्चपास पुलचोकमा पुगेर सभामा परिणत भएको थियो ।

सभालाई नेकपा (क्रान्तिकारी माओवादी) कि वैकल्पिक पोलिट्व्युरो सदस्य अम्विका मुडभरी, पार्टीका चितवन जिल्ला सेक्रेटरी अशोक शर्मालगायतका नेताहरूले सम्बोधन गरेका थिए । विद्यार्थी नेता सुरेश गौतमद्धारा संचालित कार्यक्रममा महान जनयुद्ध-जिन्दावाद, वीर सहिद-लालसलाम, दलाल संसदीय व्यवस्था( मुर्दावाद, नयाँ जनवादी क्रान्ति-जिन्दावाद लगायतका नाराहरू सहिद सम्पन्न भएको थियो ।

*कास्की*

कास्कीको पोखरा स्थित सहिद स्मृति माध्यामिक विद्यालय पोखराका भुपु विद्यार्थीहरूले राखेको जनयुद्ध दिवसको कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य नारायण अधिकारीले सम्बोधन गरे ।

अधिकारीले नेपाली तथा विश्व सर्वहारा क्रान्तिका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट पाठ सिक्दै र मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषतामा सिर्जनात्मक ढङ्गले लागू गर्दै नेपाली नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टी जुटिरहेकोले शहीदले छाडेका सपनाको बाँकी कार्यभार पुरा गरिछाड्ने प्रतिवद्धता गरे ।

उक्त विद्यालयमा राज्यपक्षबाट हत्या गरिएका १६ जिल्लाका शहिद परिवारका ३०० भन्दा बढी बालबच्चाले अध्ययन गर्दै आएका छन् । उक्त विद्यालयका विद्यार्थीलाई २५ औं जनयुद्व दिवसको अवसरमा शैक्षिक सामग्री एवं प्रमाण-पत्र समेत वितरण गरिएको थियो । सो प्रमाण पत्रमा प्रमुख अतिथि अधिकारीले हस्ताक्षर गर्दै महान शहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

सहिद स्मृति भु.पु.विद्यार्थी मञ्चका अध्यक्ष सुजन सापकोटाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पत्रकार राजेन्द्र अधिकारी, प्रेम सुनार, प्रधानाध्यापक मोना गिरी लगायतले शुभकामना व्यक्त गरेका थिए ।

**प्रवास (भारत)**

*सुरज कुमार*

फागुन १ गते नयाँ दिल्ली, नेपाली एकता समाज भारतले २५ औं जनयुद्ध दिवसको विभिन्न ठाउँहरूमा भव्यरूपमा सम्पन्न गरेको छ । दिल्ली राज्य समिति अन्तरगत आयोजना गरिएको कार्यक्रममा वक्ताहरूको जोड २०५२ साल फागुन १ गते नेपालमा थालनी गरिएको जनयुद्धले नेपालका आम जनमानस लगायत विश्वकै शोषित पीडित जनतामा आशाको संचार गरेको थियो । शोषण मुक्त संसारको नीर्माणमा माओवादी विचारको प्रासांगितालाई जनयुद्धको थालनी र विकासले एकपटक पुनः सावित गरेको भन्ने थियो । सम्वोधनकै क्रममा उनीहरूले प्रवासमा बसोवास गर्ने लाखौ नेपालीहरू समेतले जनयुद्धका आदर्शलाई अंगीकार गर्दै नेपालमा सकारात्मक परिवर्तनका लागि यसको महत्वलाई बुझ्दै प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गरेको कुरा यर्थाथता हो । नेपाल र नेपाली जनतालाई जनयुद्धले एउटा विशिष्ट पहिचान दिएको छ भनेर जोड दिएका थिए ।

दिल्ली राज्य समिति अन्तरगत आयोजना गरिएको कार्यक्रममा नेपाल कम्युष्टि पार्टी (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवं प्रवास सेक्रेटरी कुमार बोगटीको विशेष उपस्थिति थियो । कार्यक्रममा सेक्रेटरी वोगटी र नेपाली एकता समाज भारतका महासचिव विष्णु भट्टराईले सम्बोधन गरेका थिए ।

कार्यक्रमको थालनीमा महान जनयुद्धका अमर सहीद तथा वेपत्ता कमरेडहरूलाई श्रदान्जली अर्पण गरिएको थियो । कार्यक्रमको अध्यक्षता नेपाली एकता समाज भारतका राज्य समितिका अध्यक्ष हरी थापाले गरेका थिए । कार्यक्रमको सञ्चालन केन्द्रीय महासचिव विष्णु भट्टराईले गरेका थिए । २५औं जनयुद्ध दिवसको अवसरमा प्रवासका दिल्ली स्थित नोयडा, नयाँ दिल्ली, ओख्ला त्यस्तै पंजावको होशियारपुर र भोपालमायत विभिन्न राज्य एवं नगरहरूमा सम्पन्न गरिएका थिए ।

**प्रदेश ४ का विभिन्न जिल्लामा यसरी मनाइयो**

प्रदेश ४ का विभिन्न जिल्लामा विविध कार्यक्रम गरी जनयुद्ध दिवस मनाइयो । प्रदेश ४ को कास्की, तनहूँ, पर्वत, स्याङ्जा, बाग्लुङ, गोर्खा, नवलपुर लगायतका स्थापनमा सभा, जुलुस, अन्तरक्रिया, दीप प्रज्वलित गरी मनाइएको खबरहरू प्राप्त भएका छन् ।

तनहूँको भानुकोट नगरपालिका ६ चन्द्रावतीमा भएको कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ का इन्चार्ज चन्दहरि सुवेदी, सेक्रेटरी केशबहादुर परियार, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल प्रदेश ४ का अध्यक्ष नेत्र रानाभाट, नेकपा क्रान्तिकारी माओवादीका केन्द्रिय सदस्य बाबुराम सुवेदी लगायतले सम्बोधन गरेका थिए ।

त्यसैगरी प्रदेश ४ कै नवलपुरको दलदले र चोरमारामा जनयुद्ध निवसको अवसरमा कोण सभा सम्पन्न गऱ्यो । कोण सभामा पार्टीका पोलिटव्युरो सदस्य अशोक लम्साल अनुकुल, नवलपुरका सेक्रेटरी उत्तम थापा, क्रान्तिकारी पत्रकार महासंघका महासचिव रामकुमार श्रेष्ठ, देजमो नवलपुरका अध्यक्ष पिताम्बर तिवारी, महिला संघ नवलपुरका अध्यक्ष गीता पाण्डे लगायतले सम्बोधन गरेका थिए ।

त्यसैगरी पर्वतमा पनि जनयुद्ध दिवस आयोजक समितिको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको छ ।

कार्यक्रममा क्रान्तिकारी माओवादी पर्वतका ईर्न्चाज तेजेन्द्र प्रसाद पौडेल, नेकपा मालेका केन्द्रिय सदस्य यम विक, समाजवादी पार्टी पर्वतका अध्यक्ष याम बहादुर चोचाङ्गी पुन 'नविन', अखिल नेपाल क्रान्तिकारी किसान महासंघका केन्द्रिय सदस्य यम कार्की लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सञ्चालन पत्रकार गोपाल जिसीले गरेका थिए । त्यसैगरी स्याङजामा क्रान्तिकारी माओवादी र विप्लव निकट नेकपाले संयुक्त रूपमा अन्तरक्रिया गरी जनयुद्ध दिवस मनाए । क्रान्तिकारी माओवादी स्याङजा सेक्रेटरी तिलक अधिकारीका अनुसार कार्यक्रममा क्रान्तिकारी माओवादीका केन्द्रिय सल्लाहाकार इन्द्रध्वज गुरुङ, देजमोका केन्द्रिय सदस्य खुमति गुरुङ, नेकपाका जिल्ला सेक्रेटरी आक्रोस लगायतले सम्बोधन गरेका थिए ।

त्यसैगरी बाग्लुङको गल्कोटमा क्रान्तिकारी माओवादी बाग्लुङले चियापान कार्यक्रमको आयोजना गरी जनयुद्ध दिवस मनायो । कार्यक्रममा पार्टीका जिल्ला सेक्रेटरी प्रविन, पूर्व केन्द्रिय सल्लाहाकार अमृत घर्ति मगर लगायतले बोलेका थिए ।

*कञ्चनपुर*

● **धनञ्जय अवस्थी**

क्रान्तिकारी माआवादी कञ्चनपुर जिल्ला पार्टीले २५ औं जनयुद्व दिवस तथा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गऱ्यो । कञ्चनपुर पार्टी कार्यालयमा आयोजना गरिएको कार्यक्रम जिल्ला सेक्रेटरी बिष्णुराम दमाईको अध्यक्ष्यतामा भएको थियो । कार्यक्रममा पार्टीका सुदुरपश्चिम प्रदेश सेक्रेटरी राम बहादुर महरा, केस डायमण्ड, नेता चन्द्रलाल थौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

प्राप्त जानकारी अनुसार सुदूरपश्चिम प्रदेसका कैलाली, बैतडी, दार्चुला ,डडेल्धुर ा,अछाम जिल्लाहरूमापनि २५ औं जनयुद्व दिवस मनाइएको प्रदेश सेक्रेटरी राम बहादुर महराले जानकारी दिए ।

*बर्दिया*

बर्दिया जिल्लाको गुलरियामा क्रान्तिकारी माओवादी बर्दियाको आयोजनामा जनयुद्ध दिवस भव्य रूपमा मनाइयो । पार्टीका जिल्ला सचिव विपिन रोकायाले गरेको कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा पार्टीका वैकल्पिक पीवीएम भूपेन्द्र न्यौपानेले सम्बोधन गरेका थिए ।

*सिरहा*

पूर्वी व्यूरो अभियान टोलीले अभियानकै क्रममा जनयुद्ध दिवस मनाएको छ। सिरहाको औरही, बरियारपट्टि र रामपुरमा कोणसभा गरी जनयुद्ध दिवस मनाएको हो । कोणसभालाई पार्टीका स्थायी समिति सदस्य, प्रवक्ता तथा पूर्वी व्यूरो इन्चार्ज हरिभक्त कँडेल, पार्टी पीवीएम तथा २ नं. प्रदेश इन्चार्ज कृष्णदेव सिंह दनुवार, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश अध्यक्ष रामनारायण सिंह लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

**अन्यत्र कुन कुन जिल्लामा मनाइयो जनयुद्ध दिवस ?**

प्राप्त जानकारी अनुसार राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियानकै क्रममा अन्य जिल्लाहरूमा पनि २५ औ जनयुद्ध दिवस मनाइएको छ । १ नं. प्रदेशको झापा र मोरङमा, ५ नं. प्रदेश अन्तरगतको प्युठानमा मार्चपास सहित प्युठानको विजुवारको मित्रमणी चोकमा सभाको आयोजना गरी जनयुद्ध दिवस मनाइएको छ । त्यसैगरी दाङका तीन ठाउँ– नारायणपुर, घोराही र तुल्सीपुरको विजौरीमा सभाहरू सञ्चालन गरेर दिवस मनाइएको छ । कार्यक्रमलाई पार्टीका जिल्ला इन्चार्ज तथा केस निरज केसीले सम्बोधन गरेका थिए । त्यसैगरी बाँके, कपिलवस्तु, नवलपर ासीमा पनि विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको खबर छ । ६ नं. प्रदेशको पनि सुर्खेत र दैलेखमा जनयुद्ध दिवस मनाइएको समाचार छ ।

## केही ठाउँमा...

गरिएको छ । जसमा अध्यक्ष सागर खत्री, उपाध्यक्ष सुजा भारती र समिर पराजुली, सचिव रूपा गिरी, सहसचिव अनिषा कार्की, कोषाध्यक्ष सरला श्रेष्ठ र अन्य २१ जना सदस्यहरू रहेका छन् ।

सिन्धुपाल्चोक जिल्लाकै जनजागृत माविमा अध्यनरत कक्षा ९ र १०का विद्यार्थीहरूको ४५ सदस्यीय समिति गठन गरिएको छ । जसमा अध्यक्ष सुदीप श्रेष्ठ, उपाध्यक्ष सन्तोषी नेपाली र सोम तामांग, सचिव सावित्रा गिरी, सहसचिव रोजीना भारती र सुष्मीता बि.क., कोषाध्यक्ष सुजन योन्जन र ३८ जना सदस्यहरू रहेका छन् ।

त्यसैगरी सिन्धुपाल्चोक जिल्लाकै इर्खु मावि सांगाचोक गडी न.पा मा अध्ययनरत विद्यार्थीहरूको ३१सदस्यीय समिति गठन गरिएको छ । जसमा अध्यक्ष तामांग, उपाध्यक्ष सुद्ध लक्ष्मी श्रेष्ठ, सचिव दिनेस तामांग, सहसचिव ुरसिला खडका, दावा तामांग, कोषाध्यक्ष बिमला श्रेष्ठर सदस्यहरू २६ जना रहेका छन् । त्यसैगरी कोदारी मावि बाह्विसेमा पनि विद्यार्थीहरू बीच पर्चा वितरण र छलफल कार्यक्रम गरिएको थियो ।

यही क्रममा अखिल नेपाल क्रान्तिकारी विद्यार्थी युनियनको आयोजनामा ललितपुरको कुपन्डोलमा ३ नं प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त प्रशिक्षण कार्यक्रमको अध्यक्षता र सञ्चालन अखिलको केन्द्रीय उपाध्यक्ष शिलु न्यापानेले गरेकी थिइन । प्रशिक्षणमा देजमो नेपालका अध्यक्ष सीपी गजुरेल गौरवले देशको समसामयिक राजनीतिक पीरस्थिति र विद्यार्थीहरूको दागित्यवारे प्रस्तुति थियो भने ३ नं प्रदेश इन्चार्ज दिने शर्मा सागरले संगठन र विद्यार्थीको आन्दोलनमा भुमिका वारो अनि संगठनका केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलले त्रिवि विद्यार्थी युनियनको नीर्वाचन र त्यसमा क्रान्तिकारी विद्यार्थीहरूले आफुलाई कसरी सशक्त बनाउने र प्रभाकारी हुनेवारे संक्षिप्तमा आफ्नो मन्तव्य राखेका थिए ।

काठमाडौंमा अभियान टोलीले आइतबार गोङ्गबु नयाँ बसपार्कमा कोणसभा सम्पन्न गरेको छ। कोणसभालाई क्रान्तिकारी माओवादीकी केस तथा काठमाडौं इन्चार्ज सरु, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका सचिवालय सदस्य ढोगप्रसाद अधिकारीले सम्बोधन गरेका थिए । कोणसभाको सञ्चालन राम नेपालीले गरेका थिए ।

काठमाडौंको गोङ्गबु र कैलालीको अत्तरिया/सुखड बजारमा कोणसभा सम्पन्न, यात्रुबाहक बसमा नेपालको नक्सासहितको स्टीकर टाँसियो । देशका विभिन्न स्थानमा जाने सार्वजनिक यातायात (बस)मा नेपालको वास्तविक नक्सा प्रयोग गरौं भन्ने आव्हानका साथ नक्साको स्टिकार टाँसिएको छ । करिब सयवटा भन्दा बढी यात्रुवाहक सवारी साधनमा यस्ता स्टीकर टाँसिएको बताइएको छ । देशका विभिन्न स्थानमा जाने सार्वजनिक यातायात (बस) मा नेपालको वास्तविक नक्सा प्रयोग गरौं भन्ने आव्हानका साथ नक्साको स्टिकार टाँसिएको छ । करिब सयवटा भन्दा बढी यात्रुवाहक सवारी साधनमा यस्ता स्टीकर टाँसिएको बताइएको छ ।

४ नं. प्रदेशको अभियान टोलीले राष्ट्रिय स्वाधिनताको रक्षार्थ अभियानसँगै २५ औं जनयुद्ध दिवस मनाएको छ ।

तनहूको भानुकोट नगरपालिका ६ चन्द्रावतीमा भएको कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादी प्रदेश ४ का इन्चार्ज क. चन्दहरि सुवेदी, सेक्रेटरी क. केशबहादुर परियार, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल प्रदेश ४ का अध्यक्ष नेत्र रानाभाट, नेकपा क्रान्तिकारी माओवादीका केन्द्रिय सदस्य बाबुराम सुवेदी लगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले एमसीसी राष्ट्रघाती भएकोले यसलाई खारेज गर्नु पर्नेमा जोड दिनुभयो ।

त्यसैगरी भारतीय पक्षले नेपाली भूमि आफ्नोमा पारेर निकालेको नयाँ नक्सा खारेज र नेपाल सरकारले त्यहाँ रहेका भारतीय सेना हटाउनका लागि पहल गर्न माग गरिएको थियो ।

५, ६ र ७ नं प्रदेशअन्तरगत पश्चिम व्यूरोको अभियान टोलीले रूपन्देही जिल्लाका सालझण्डी बजारमा कोणसभा गऱ्यो । क्रान्तिकारी युवा लिगका महासचिव दिलबहादुर कठायतले सञ्चालन गरेको कोणसभालाई पार्टी पीवीएम धनेश्वर पोखरेल र बासुदेव न्यौपानेले सम्बोधन गरेका थिए .। त्यसैगरी अभियान टोलीले रूपन्देहीकै कोलोनीमा भएको कोणसभालाई पार्टी स्थायी समिति सदस्य तथा पश्चिम व्यूरो इन्चार्ज रामसिंह श्रीस र एकदेव पौडेलले सम्बोधन गरे । सो कोणसभाको सञ्चालन अखिल (क्रान्तिकारी)का सचिव महेश श्रेष्ठले गरेका थिए । त्यसपछि अभियान टोलीले रूपन्देहीकै फसाटिकटमा अर्को कोणसभा सम्पन्न गऱ्यो । यहाँको कोणसभालाई पार्टी केस तेजविक्रम शाही र महेश श्रेष्ठले सम्बोधन गरे । यो कोणसभाको सञ्चालन विनोद मरासिनीले गरेका थिए । अभियान टोलीले रूपन्देहीकै देवदहको खैरेनी बजारमा भएको कोणसभालाई नेता धनेश्वर पोखरेल, भिमलाल काफ्लेले सम्बोधन गरे । कोणसभाको सञ्चालन एकदेव पौडेलले गरेका थिए ।

राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियानको पाँचौ दिन आइतबार पश्चिमको केन्द्रीय अभियान टोलीले कैलालीको अत्तरियामा कोणसभा सम्पन्न गरेको छ । कोणसभालाई पार्टी स्थायी समितिका सदस्य रामसिंह श्रीस, प्रदेश इन्चार्ज अनुकूल, देजमोका प्रदेश अध्यक्ष विष्णुराम दमाई, पार्टी केस डायमन्ड, क्रान्तिकारी युवा लिगका महासचिव दिलबहादुर कठायत, अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहाल, अनेकिमहासंघ (क्रान्तिकारी)का टंक कोइराला लगायतका नेताहरूले सम्बोधन गरे । कोणसभाको सञ्चालन कैलाली सेक्रेटरी रुद्रप्रसाद कँडेलले गरेका थिए ।

उक्त अभियान टोलीले कैलालीको घोडाघोडी नपा १ सुखड बजारमा पनि आइतबारै कोणसभा सम्पन्न गरेको छ । रुद्र कँडेलले सञ्चालन गरेको कोणसभालाई पार्टी केस लालकिरणले सम्बोधन गरे । कार्यक्रममा सामना साँस्कृतिक परिवारका कलाकारले क्रान्तिकारी गीत प्रस्तुत गरेका थिए ।

राष्ट्रिय स्वाधीनताको रक्षा तथा संगठन विस्तारको जारी अभियानको क्रममा प्रहरी प्रशासनले क्रान्तिकारी माओवादीलाई ठाउँ ठाउँमा अवरोध खडा गर्ने र कार्यक्रममा हस्तक्षेप गरी नेता कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने कार्य गरिरहेको भन्दै क्रान्तिकारी माओवादीले उक्त कार्य नरोके कडा प्रतिरोधमा उत्रने चेतावनी दिएको छ । क्रान्तिकारी माओवादीका ३ नं प्रदेशका सचिव प्रवेशले आज एक वक्तव्य जारी गरी पार्टीका जारी अभियानको क्रममा अभियान दलको पर्चा र नेपालको वास्तविक नक्सा खोस्ने, अभियानकै कार्यक्रम अन्तर्गत बिहीबार अर्थात् फागुन १ गते जनयुद्ध दिवस मनाउने क्रममा दोलखा पार्टी सेक्रेटरी तथा प्रदेश सदस्य गोविन्द काफ्ले, जिल्ला सदस्य भगवानचन्द्र उप्रेतीलाई गिरफ्तार गरेको र साउण्ड सिस्टमसमेत जफत गरेको भन्दै प्रहरी प्रशासनको उक्त कदमलाई फासिवादी र निरंकुश घटनाको संज्ञा दिंदै त्यसको घोर निन्दा एवम् भर्त्सना गरेको छ ।

भक्तपुर जिल्ला सदस्य सुन्दर श्रेष्ठको घरमा छापा मारी नेपालको नक्सा र पर्चा जफत गरेको र चितवन जिल्लामा अभियान दलमाथि हस्तक्षेप गरेको भन्दै यस्तो गैरन्यायिक र संविधान प्रदत्त शान्तिपूर्ण कार्यक्रम गर्न पाउने अधिकार कुन्ठित गराउने कार्य नरोके सशक्त प्रतिरोध गर्न बाध्य हुने उल्लेख गरिएको छ । माथि गरेको हस्तक्षेप घरमा छापा मार्ने लगायतका कार्य गरी क्रान्तिकारी माओवादीका कार्यक्रममा प्रहरीद्वारा ठाउँ ठाउँमा हस्तक्षेप, दोलखाका सेक्रेटरी काफ्ले पक्राउ, भक्तपरका नेताको घरमा छापा मारियो, चितवनमा पर्चा र नेपालको नक्सा खोसियो, पार्टीद्वारा सशक्त प्रतिरोध गर्ने चेतावनी दिएको छ ।

## सीमा...

सुरेन्द्र ढकाल, जनसमाजवादी पार्टीका उपमहासचिव डम्बर विक्रम कार्की, राष्ट्रिय जागरण परिषद्का सचिव हेमन्त सेढाई, नेकपा (माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य आलोक रायमाझी, देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला अध्यक्ष बन्धुदेव पाण्डे, नेकपाका बाग्मती प्रदेश सचिव अर्जुन कार्कीले सम्बोधन गरेका थिए ।

राष्ट्रिय जनमोर्चाका नेता छवि खनालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता नेकपा (माले) का नेता सिद्धिलाल महर्जनले गरेका थिए ।

***ललितपुर***

***कुमार भट्टराई***

शनिबार ललितपुरमा एमसीसी र सीमा अतिक्रमण विरुद्ध जुलुशसहित विरोध सभा सम्पन्न भएको गरियो । सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सचिव श्याम केसी, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य घनश्याम न्यौपाने, नेकपा (मसाल)का प्रतिनिधि निलगोविन्द महर्जन, सभालाई नेकपा (माले) का मोहनराज शाक्य, माओवादी केन्द्रका राजन तिमिसिल्ना, नेकपाका महेन्द्र जोशी, जनसमाजवादी पार्टीका असिम लिम्बु, देशभक्त जनगणतान्त्रिक मोर्चाकी ललितपुर अध्यक्ष इन्दिरा अधिकारी लगायतले सम्बोधन गरेका थिए ।

लगनखेलबाट सुरु भएको जुलुशले मंगलबजार परिक्रमा गरी पुनः लगनखेलमै आएर विरोध सभा सम्पन्न गरेको थियो ।

***भक्तपुर***

***सागर श्रेष्ठ***

शनिबार भक्तपुरको सुर्यविनायक चोकमा पनि विरोध सभा सम्पन्न भएको छ । सभालाई क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य सोमानसिंह तामाङ, राष्ट्रिय जनमोर्चाका तर्फबाट अखिल (छैठौं) का अध्यक्ष विमल पोखरेल, माओवादी केन्द्रका तिलक थापा, मालेका दिनेश खाती, जनसमाजवादीका गोविन्द बहादुर बुढा, देजमोका श्रीकृष्ण सुलु र नेकपाका प्रविन जोशीले सम्बोधन गरेका थिए ।

***कास्कीको पोखरा***

***गोपाल जिसी***

एमसीसी र सीमा अतिक्रमण विरुद्ध शनिबार पोखराको सहिद भिमसेन चोक महेन्द्रपुलमा बिरोध सभा सम्पन्न भएको छ ।

कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा ४ नं प्रदेश सचिव केशबहादुर परियार, राष्ट्रिय जनमोर्चा गण्डकी प्रदेशका अध्यक्ष शंकर बराल, देशभक्त जनगतान्त्रिक मोर्चा, नेपालका सल्लाहकार भीम श्रीस, नेकपा (मसाल) कास्कीका प्रवक्ता चन्द्रबहादुर केसी, नेकपा (माओवादी केन्द्र) का भोजराज त्रिपाठी, नेकपा (माले) का टेकनाथ भण्डारीले सम्बोधन गरेका थिए ।

क्रान्तिकारी माओवादीका केस तथा कास्की इन्चार्ज रामजी थापाको अध्यक्षतामा सम्पन्न विरोधसभाको सञ्चालन राष्ट्रिय जनमोर्चा कास्कीका अध्यक्ष रबि मोहन ढकालले गरेका थिए ।

***बाँकेको नेपालगञ्ज***

***आयुष न्यौपाने***

भारतद्वारा गरिएको सीमा अतिक्रमण र अमिरिकी एमसीसी सम्झौताका विरुद्ध शनिवार बाँकेको नेपालगञ्जमा पनि विरोध सभाको आयोजना गरियो । स्थानीय पुष्पलाल चोकमा नौ राजनीतिक दल तथा संगठनहरूको आयोजनामा गरिउको विरोध सभालाई नेकपा (मसाल) निकट अखिल नेपाल युवक संघका महासचिव कृष्णराज पाण्डे, नेकपा (क्रान्तिकारी माओवादी) का ५नं. प्रदेश सदस्य विराट शाही, देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य तथा बाँके जिल्ला अध्यक्ष सुरेश ओली, राष्ट्रिय जनमोर्चा बाँकेका अध्यक्ष भिमप्रसाद देवकोटा लगायतका वक्ताहरूले सम्बोधन गरे । कार्यक्रमको सञ्चालन जातीय समता समाजका केन्द्रीय सदस्य तथा राजमो बाँकेका सहसचिव मनबहादुर सुनारले गरेका थिए ।

***कपिलवस्तु***

कपिलवस्तुको शिवराज नगरपालिका ५ चन्द्रौटामा शनिबार एमसीसी र सीमा अतिक्रमण विरुद्ध नौ राजनीतिक दलले संयुक्त रूपमा विरोध प्रदर्शन गरे ।

विरोध कार्यक्रमलाई क्रान्तिकारी माओवादीका जिल्ला सचिव आकाश, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष दधिराम आचार्य, नेकपा (मसाल) का जिल्ला प्रवक्ता छविलाल गैरे, देशभक्त जनतान्त्रिक मोर्चाका जिल्ला अध्यक्ष ज्ञानिराम पूरी, नेकपा (माले)का जिल्ला सदस्य रमेशकुमार श्रेष्ठ, राष्ट्रिय जागरण परिषद् नेपालका सदस्य पदम कार्कीले सम्भोधन गरेका थिए । कार्यक्रम राष्ट्रिय जनमोर्चा जिल्ला कोषाध्यक्ष चेत नारायण खनालको अध्यक्षता, अन्टुकका केन्द्रीय सदस्य केरसिंह अदैको सञ्चालन र ओम नारायण चतुर्वेदीको स्वागत मन्तव्यका साथ सम्पन्न भएको थियो ।

***दैलेख***

***जितेन्द्र थापा***

एमसीसी तथा सीमा अतिक्रमण विरुद्ध शनिबार दैलेखमा विरोध प्रदर्शन भएको छ । दैलेखस्थित चामुण्डामा विरोध सभा गरिएको हो ।

नौ राजनीतिक दलको आयोजनामा भएको विरोध सभालाई राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष अमर बहादुर नेपाली, कार्यक्रममा नेकपा (मसाल) का प्रतिनिधि पूर्ण बहादुर शाही, राजमो कर्णाली प्रदेशका अध्यक्ष भरत बहादुर शाही, देशभक्त जनगणतान्त्रिक मोर्चाका प्रतिनिधि शिवराज शाही, नेकपा (क्रान्तिकारी माओवादी)का प्रतिनिधि कमला चन्दले सम्बोधन गरेका थिए ।

कार्यक्रमको सञ्चालन अखिल (छैठौं) का जिल्ला अध्यक्ष शिवराज आचार्यले गरेका थिए ।

***कञ्चनपुर***

***धनञ्जय अवस्थी***

एमसीसी र सीमा अतिक्रमण विरुद्ध देशब्यापी विरोध सभा अन्तर्गत कञ्चनपुरमा पनि नौ राजनीतिक दल तथा संगठनले विरोध प्रदर्शन गरेका छन् । शनिबार महेन्द्रनगरमा जुलुश प्रदर्शनसहित स्थानीय मदनचोकमा विरोध सभा गरिएको हो ।

सभालाई राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य एवं सुदूरपश्चिम इन्चार्ज मनोज भट्ट, क्रान्तिकारी माओवादीका केस हरि सुवेदी, देजमोका प्रदेश अध्यक्ष विष्णुराम दमाई, नेकपा (मसाल) का जिल्ला प्रवक्ता लक्ष्मी दत्त बडु लगायतले सम्बोधन गरेका थिए ।

कार्यक्रमको सञ्चालन क्रान्तिकारी माओवादीका प्रदेश सचिव रामबहादुर महराले गरेका थिए । राष्ट्रिय जनमोर्चा कञ्चनपुरका अध्यक्ष रामबहादुर कार्कीको स्वागत मन्तव्यसँगै सुरु भएको विरोध सभाको अध्यक्षता राजमो जिल्ला सहसचिव लाल बहादुर कुवँरले गरेका थिए ।

***कैलाली***

शनिबार नौ राजनीतिक दल तथा संगठनले अत्तरियामा विरोध प्रदर्शनसहित सभाको आयोजना गरेका थिए । सभा सुरु हुनु अघि नारा जुलुशसहित अत्तरिया बजार परिक्रमा गरिएको थियो ।

सभालाई सम्बोधन गर्दै राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य एवं सुदूरपश्चिम प्रदेश अध्यक्ष नन्दराज भट्ट, नेकपा (क्रान्तिकारी माओवादी)का केस रामबहादुर केसी, नेकपा (माले) का केन्द्रीय सदस्य परेक रावल, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य रत्न बिकलगायत नेताहरूले सम्बोधन गरेका थिए । सभा राजमो कैलालीका सचिव जगत प्रसाद जोशीको अध्यक्षता तथा नेकपा (क्रान्तकारी माओवादी) कैलाली सेक्रेटरी रुद्र कडेलको सञ्चालनमा भएको थियो । कार्यक्रममा नेकपा (माले) का बिन्दु महरले स्वागत गरेका थिए ।

***दाङ***

***इश्वरीप्रसाद गैरी***

सीमा अतिक्रमण र एमसीसी विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) सहित नौ राजनीतिक दल र संगठनले शनिबार घोराहीमा प्रदर्शन गरेका छन् । नौ दलका नेता तथा कार्यकर्ता एवं सर्वसाधारण उपस्थितमा चर्का नारा लगाउँदै जुलुशले नगर परिक्रमा गरी विरोध सभामा परिणत भएको थियो ।

सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का केस तथा जिल्ला इन्चार्ज समिर केसी, मसालका जिल्ला प्रवक्ता भरत भण्डारी, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष गणेश आचार्य, नेकपा (माले) स्थायी कमिटी सदस्य गोबिन्द केके, देजमोका जिल्ला अध्यक्ष नरेन्द्र बन्जाडे लगायत नेताहरूले सम्बोधन गरेका थिए ।

कार्यक्रमको सञ्चालन अखिल नेपाल जनजाती सम्मेलनका केन्द्रीय सदस्य राम बहादुर घर्तीले गरेका थिए ।

## सन्दर्भ : २५ औं जनयुद्ध दिवस

# महान् दश वर्षे जनयुद्धको बिरासत र प्रतिक्रान्तिको हावा हुन्डरी



● हस्तबहादुर केसी ●

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा वि.सं. २०५२ फाल्गुन १ गतेदेखि २०६२ साल नेपालमा महान् जनयुद्ध संचालन गरियो । 'प्रतिक्रियावादी राज्य सत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्य सत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौ' भन्ने मूल नाराका साथ र 'विद्रोह जनताको अधिकार हो , जनयुद्ध - जिन्दावाद' भन्ने गगनभेदी नारा घन्काउदै सञ्चालन गरिएको महान् दश वर्षे जनयुद्ध नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत हरक्षेत्रमा आमूल परिवर्तन गर्ने महान् उद्देश्यका सञ्चालन गरिएको उक्त दश वर्षे जनयुद्ध नेपाली समाजको समग्र युद्ध थियो ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा सञ्चालन गरिएको जनयुद्धका क्रममा छापामार दस्ता हुँदै जनमिलिसियाका कमरेड माओ त्सेतुङको निधन पश्चात् चीनमा समेत प्रतिक्रान्ति भएर विश्व सर्वहारा वर्ग र समस्त श्रमजीवी तथा उत्पीडित राष्ट्रहरू मुक्तिकामी जनताका बीचमा ब्यापक निरासा पैदा भइरहेको विश्व परिस्थितिमा नेपाला एक शक्तिशाली जनमुक्ति सेना (लालसेना) को निर्माण हुन पुगेको थियो । त्यसले विश्व जनसमुदायलाई एउटा साहस र गौरवको अनुभूति जगाइदिएको थियो ।

सोभियत रुस पछि पूर्वी युरोपका देशहरू र चीन लगायत हिन्द चिनका मुलुकहरूमा प्रतिक्रान्ति भएर विश्वस्तरमा एक प्रकारको निरासा छाइरहेको अवस्थामा नेपाल जस्तो एउटा पिछडिएको अर्ध समान्ती र अर्धऔपनिक वेशिक हिमाली राज्यमा दश वर्षका बीचमा जुन भीषण वर्ग संघर्ष चल्यो र त्यस प्रक्रियामा नेपालका ग्रामीण इलाकाहरूमा आधार इलाकाहरू बन्न पुगे । नयाँ जनसत्ताहरूको निर्माण भए । जनअदालत र जन कम्युनहरू बन्न पुगे । त्यस्तै जनसरकार बन्न पुगे र देशको करिब ८० प्रतिशत भूभाग र जनताको जनसंख्या माओवादीको कब्जामा जान सफल भइरहेको थियो ।

त्यस महान् जनयुद्ध नेपाली जनताको मात्रै नभएर विश्व जनताकै लागि पनि एक आशा र भरोसाको केन्द्र बनिसकेको थियो ।

त्यति मात्र होइन, त्यस महान् जनयुद्धको प्रक्रिया अन्तरगत नेपाली जनताको ठूलो त्याग र बलिदानले गर्दा जनयुद्धको महानता र गौरव अरु बढेर गएको थियो । किनभने त्यस जनयुद्धको अवधिमा करिब १० औं हजार भन्दा बढि नेपाली आमाका आँटि तथा असल छोराछोरीले शाहदात प्राप्त गरेका थिए । हजारौंको संख्यामा नेपाली जनतादाई तत्कालीन प्रतिक्रियावादी सत्ताले ज्यान विपत्ता पारेको थियो र त्यस्तै हजारौंको संख्यामा नेपाली जनताका छोराछोरीहरूलाई घाइते र अपांग तुल्याई दिएको थियो । यी ऐतिहासिक परिघटनाहरूले महान् दश वर्षे जनयुद्धको महानता र महत्त्वलाई बढाई दिएको हो ।

लाखौं नेपाली जनताको बीचमा विकसित भइरहेको त्यस ऐतिहासिक जनयुद्धको प्रक्रियामा महान् नेपाली नयाँ जनवादी क्रान्तिलाई विजयको शिखरमा पुर्याइ दिएर नौलो नेपाल निर्माण गर्ने लक्ष्यका साथ हजारौंको संख्यामा नेपालको युवा पंक्ति ज्यानलाई आहुति दिएर क्रान्तिमा हामफाल्न शहिदहरूको पंक्तिमा आफ्नो नाम समावेश गर्न प्रतिष्पर्धा गर्ने वातावरण सिर्जना भइरहेको थियो । आम नेपाली जनता महान् जनयुद्धको प्रक्रियामा लामबध्द बन्दै गइरहेको अवस्था सृजना भइसकेको थियो । र विश्वको एक मानचित्रमा एउटा हिमाली देश नेपालमा सूर्यको विहानी किरणसंगै महान् नयाँ जनवादी क्रान्तिको जन्म हुदै थियो

त्यही परिस्थितिमा २०६२ असोज - कार्तिकमा तत्कालीन नेकपा (माओवादी) चुनवाङमा सम्पन्न बैठकले सशस्त्र जनयुद्धको कार्यदिशा र कार्यक्रमदाई स्थगित गरि  लोतान्त्रिक गणतन्त्र  पूँजीवादी संसदीय कार्यदिशा पारित गर्न पुग्यो । शान्ति प्रक्रियामा गरे पछि वर्षे जनयुद्धको नेतृत्व गरेर आएका पुष्पकमल दाहाल प्रचण्ड र बावुराम भट्टराईमा ब्यापक रूपमा वैचारिक विचलन आयो । त्यस पछि ती दुवै जनाले घरेलु प्रतिक्रियावादीहरू र वैदेशिक शक्तिका रूपमा रहेका अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका सामु वर्गीय रूपमा र राजनीतिक रूपमा समेत आत्मसमर्पण गर्न पुगे र महान् नेपाली क्रान्ति र महान् नेपाली जनतामाथि विश्वासघात र गद्दारी गर्न पुगे ।

सबैलाई थाहै छ कि प्रचण्ड - बावुरामद्वारा महान् दश वर्षे जनयुद्धको प्रक्रियामा निर्माण गरिएका आधार इदाकाहरू, नयाँ सत्ताहरू, जनअदालतहरू, जनकम्युन र जनसरकारहरूलाई सम्राज्यवाद तथा विस्तारवादको ग्रायण्ड डिजाइन र निर्देशनमा खारेज गरियो ।

जनमुक्ति सेनालाई प्रतिक्रियावादी सेनाका सामु जबर्जस्त आत्मसमर्पण गर्न लगाएर विघटन गराइयो । जनताको रगतले साटिएका हतियारहरू प्रतिक्रियावादी सरकारलाई बुझाइयो । जनयुद्धको माग बमोजिम संविधानसभा मार्फत महान् नेपाली क्रान्ति सम्पन्न गर्ने उद्श्येका साथ पहिलो ऐतिहासिक संविधानसभा निर्वाचन २०६४ द्वारा निर्माण गरिएको पहिलो संविधानसभालाई विघटन गरेर देशीविदेशी प्रतिक्रियावादीहरूको ग्राण्ड डिजाइन र निर्देशनमा कथित दोस्रो संविधानसभा निर्वाचनको नाटक मञ्चन गरेर प्रतिक्रियावादी संविधान निर्माण गरेर आफ्ना विदेशी महाप्रभूहरूलाई खुसी तुल्याउने काम प्रचण्ड - बावुराद्वारा गरियो ।

सर्वविदितै कुरा हो त्यस पछि माओवादी आन्दोलन भित्र रहेका क्रान्तिकारीहरूले मोहन वैद्य किरणको नेतृत्वमा २०६९ असारमा नेपाल कम्युनिस्ट पार्टी - माओवादी पार्टी निर्माण गरेर माओवादी आन्दोलनलाई पुनर्गठन गर्ने काम गरियो । तर २०७१ साल मंसिरमा ड्यास माओवादी भित्र पनि विभाजन आयो र नेत्र विक्रम चन्द 'विप्लव'को नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गठन हुन पुग्यो पछि त्यसले आठौं महावेशनद्वारा पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टीमा परिणत गर्न पुग्यो र अहिले माओवादी आन्दोलन भित्र क्रान्तिकारीका दुइवटा कम्युनिस्ट पार्टीहरू - मोहन वैद्य किरणले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीहरू क्रियाशील छन् ।





अर्कोतिर प्रचण्डले नेतृत्व गरेको एमाओवादी नेकपा (माके) हुँदै पहिले नै प्रतिक्रियावादी बनिसकेको नेकपा (एमाले) भित्र विलय हुन पुग्यो। प्रतिक्रियावादी सरकारमा सामेल भएको छ ।

प्रचण्ड - बावुरामले नेपाली क्रान्ति प्रति गध्दारी गरेर नेपाली जनतालाई ठूलो धोका दिएको भए तापनि मोहन वैद्य किरणले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले महान् नेपाली क्रान्तिको यात्रालाई अघि बढाइरहेका छन् । अहिले एकातिर क्रान्तिकारी माओवादी , नेकपा (मसाल) , नेकपा (माले), नेकपा (माके) नेपाल कम्युनिस्ट पार्टी , देजमो नेपाल , राष्ट्रिय जनमोर्चा लगायत नौ दलका बिचमा कार्गत एकता कायम भइरहेका छन् । यो महान् नेपाली क्रान्तिका निम्ति सकारात्मक कुरा हो ।

२४औ जनयुद्ध दिवस मनाइरहेको अवस्थामा आज एउटा कुरा उजागर आवश्यक छ भने माथि पनि उल्लेख भइसकेको छ कि महान् दश वर्षे जनयुद्धको नेतृत्व समेत गरेर आएको प्रचण्ड सहितको एउटा ठूलै तप्काका भने प्रतिक्रियावादी भइरहेको एमाले भित्र विलय हुन पुग्यो र आज त्यो शक्ति पनि पुराना एमालेसित काँधमा काँध थापेर क्रान्तिकारीहरू माथि फासीवादी सत्ता चलाएर क्रान्तिकारीहरूमाथि भीषण दमनचक्र चलाउने नेपाली जनतालाई तर्साउने काममा प्रतिक्रियावादीहरूको हतियार बन्न पुगेको छ

यतिबेला केपी ओली - पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरिरहेको नामधारी कम्युनिस्टहरूको सरकार भनिएको फासीवादी सत्ताले करिब ११ महिना (२०७५ फाल्गुन २८) देखि विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी माथि प्रतिबन्ध लगाएर भीषण फासीवादी सत्ता सञ्चालन गरिरहेको छ र हजारौं नेता, कार्यकर्ताहरूलाई झुठ्ठा मुद्दाहरू खडा गरेर जेलमा सडाइरहेको छ । क्रान्तिकारी माओवादी लगायतका अन्य क्रान्तिकारी कम्युनिस्टहरूलाई पनि निगरानीमा राख्दै आएको छ । यो नामधारी तथा ११ महिना पहिलेदेखि प्रतिक्रियावादी सत्ताले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाऊदै आएको छ । क्रान्तिकारी कम्युनिस्टहरूमाथि लगाइएको छ ।

यो फासीवादी सत्ताले विप्लवले नेतृत्व गर्दै आएको नेकपामाथि प्रतिबन्ध लगाएको कुनै नौलो घटना कुनै नौलो पनि होइन , पहिलो पनि होइन । प्रतिक्रियावादी सत्ताहरूले पहिलेदेखि नै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरसमाथि प्रतिबन्ध लगाउदै आएको छ । २००८ सालमै संस्थापक महासचिव कमरेड पुष्पलालले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमा नेपाली कांग्रेसको सरकारले प्रतिबन्ध लगाएक लगाएको थियो ।

त्यस्तै २०१७ सालदेखि २०४६ सालसम्म निरंकुश राजतन्त्रको तानाशाही पञ्चायती व्यवस्थाले कांग्रेस - कम्युनिस्टहरूलाइ प्रतिबन्ध लगाएको थियो । २०५२ देखि २०६२ सालसम्म नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) कडा प्रतिबन्ध लगाएकै थियो । तर उनिहरूको दमन ,र प्रोलोभनले नेपाली समाजको परिवर्तनलाई त रोक्न सकेका थिएनन् ।

२००७ साल , २०४६ , २०६२र २०६२ सालमा उठेका जनआन्दोलनहरूले ठूलो राजनीतिक परिवर्तन ल्याएकै । त्यस्तै दश वर्षे जनयुद्धले नेपाली समाजमा ठूलो परिवर्तन ल्याएकै हो ।सत्ताधारीहरूले जतिसुकै प्रयास गरेका भए पनि , जतिसुकै ठूलाठूला दमन गरेको भए पनि उनिहरूको कारणले जनयुद्ध समाप्त पार्न त सकेका थिएनन् ।

प्रतिक्रियावादीहरूले विप्लव नेतृत्वको नेकपा , क्रान्तिकारी माओवादी लगायतका क्रान्तिकारीमाथि जतिसुकै दमन गरे पनि महान् नेपाली क्रान्ति रोकिने छैन । जस्तोसुकै दमनहरूलाई परास्त गर्दै क्रान्ति अघि बढी छाड्छ । क्रान्तिको द्वन्द्ववाद यही नै हो । समाप्त ।

## फागुन १....

यसले विश्वक्रान्तिको सेवा गर्नेछ ।

ङ) हाम्रो योजना नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निमार्णको सैद्धान्तिक मान्यतामा आधारित रहनेछ ।

च) हाम्रो यो योजना सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यता अनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवाद विरोधी सबै तह र तप्काका जनसमुदायलाई गोलबन्द गर्दै सशस्त्र सङ्घर्ष संचालन गरिने छ । कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवम् प्रतिक्रियावादी गुटहरूको दवाव, धम्की र प्रलोभनमा पर्ने छैन ।

छ) लेनिनको "क्रान्ति आफैँले आफ्नो विकासक्रममा सधैँ नै असाधारण जटिल परिस्थिति सिर्जना गर्दछ" भन्ने कुराको महत्वलाई आत्मसात गरेर जानु जरुरी छ ।

आज जनता र राष्ट्रप्रति गद्दारी गरेर जनयुद्ध समाप्त पारेर संसदीय व्यवस्थालाई स्वीकार्दै घुँडा टेकेका प्रचण्डले जनयुद्धलाई सम्झौतामा नल्याएको भए अहिलेसम्म हामी सबै समाप्त हुने थियौँ भनेर भन्दै छन् । अहिले प्रचण्ड स्कूलका तलसम्मका नेता कार्यकर्ताहरूले उनकै भनाइलाई स्कूलिङका रूपमा तलैसम्म लगेर जनतामा भ्रम सिर्जना गरिरहेका छन् । यसले के प्रस्ट हुन्छ भने प्रचण्ड-बाबुरामहरूले जनयुद्धलाई नियोजित रूपमै शक्ति आर्जनको माध्यम बनाएका थिए र उनीहरूको गन्तव्य केवल राजतन्त्रको उन्मुलन गरेर बुर्जुवा गणतन्त्र स्थापना गर्नु थियो । आफैँले जनयुद्ध थालनी गर्दा जारी गरेका छ बुँदे प्रतिवद्धताहरू प्रति गद्धारी त गरेकै थिए त्यलाई अगाडि बढाउन खोज्ने आफ्नै सहयोद्धाहरू प्रतिपनि दमन गर्दै फासिवादी सत्ता चलाउन खोज्दैछन् ।

निश्चितै रूपमा युद्ध हारजितकै खेल हो । साधन स्रोत र सामर्थ्यका हिसावले प्रतिक्रियावादी शक्ति हजारौँ गुणा शक्तिशाली हुन्छ । त्यसैले जनयुद्ध कमसल प्रविधिबाट बलियो र उच्च प्रविधिसँग लड्नुपर्ने भएकाले यो छापामार तरिकाले लडिने लडाइँ हो । पुरानो सत्ता निकै बलियो छ भन्ने कुरा जनयुद्ध थालनी गर्नुपूर्व नै थाहा थियो । त्यसैले त आफ्नो विजयको शिखर नचुम्दासम्म जनयुद्धमा उठाएको बन्दुक बिसाइने छैन । यदि बिसाइयो र सम्झौता गरियो भने त्यो सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने छ भनिएको थियो ।

रक्षा, सन्तुलन र प्रत्याक्रमण गरी जनयुद्धका तीन चरण हुन्छन् भनेर माओले संश्लेषण गर्नु भएको थियो । नेपालमा सञ्चालन भएको महान् जनयुद्धले आफ्नो दश वर्षको समयमा रक्षा र सन्तुलनको चरण लगभग पूरा गरेर प्रत्याक्रमणको चरणमा फड्को मार्ने दिशामा पुगेको थियो । यहाँसम्म आइपुग्दा नेपालको कूल भूभागको असी प्रतिशत भूभाग माओवादीको कब्जामा गइसकेको थियो । पुरानो सत्ता जिल्लाका सदरमुकामका पनि सेनाको बख्तबन्द ब्यारेकमा मात्रै खुम्चिन पुगेको थियो । उता यही बिचमा तात्कालिन राजा ज्ञानेन्द्रले संसदीय व्यवस्थालाई कू गरेर कब्जा गरेका थिए भने संसदवादी राजनीतिक दलहरूमाथि प्रतिवन्ध लगाएर तिनका शीर्ष नेताहरूलाई नजरबन्दमा लिएका थिए । सात दलीय संसदवादी शक्तिले सडकमा पचास जना टाउका गनेर पनि मानिस उतार्न सकिरहेका थिएनन् । राजा बीरेन्द्रको बंश नास हुनेगरी भएको दरबार हत्याकाण्डको दोष ज्ञानेन्द्रलाई लागिरहेको थियो । उनी जनताका बिचमा अलोकपृय भएका थिए । राजतन्त्र पनि कमजोर भएको र संसदवादी दलहरू झनै कमजोर भएको बेला जनयुद्धको दिशा मोड्नु प्रचण्ड-बाबुरामहरूको नियोजित षड्यन्त्र थियो भन्ने कुरा अहिले घाम जत्तिकै छर्लङ्ग भएको छ । यहाँ 'तलाउमा डुबेको कुकुरलाई लट्ठीले चुटेर मार' भन्ने चिनियाँ उक्ति स्मरणयोग्य छ । सामन्तवाद र दलाल नोकरशाही पुँजीवादी शक्ति दुबै एकैसाथ कमजोर बनेको अवस्था जनयुद्धका निम्ति अत्यन्तै अनुकूल थियो । यो बेला दुश्मन शक्तिलाई ब्यारेक बाहिर बोलाएर चुट्नु नै उत्तम तात्कालिक कार्यनीतिक योजना हुन्थ्यो । त्यसअनुसारको कार्ययोजना बनाउनु पर्नेमा संसदवादी दलका मुख्यशक्ति नेपाली काङ्ग्रेस र एमालेलाई पुनर्जिवन दिनु प्रचण्ड-बाबुरामको जनताप्रतिकै ठूलो गद्दारी थियो । सात साल र छ्यालिस सालका दिल्ली सम्झौता धोका हो भनेर हतियार उठाएको माओवादी आफैँले बाहूबुँदे दिल्ली सम्झौता गर्नुले पनि प्रचण्ड-बाबुराम बुर्जुवा सत्ताको कुर्सीमा बस्न आतुर थिए भन्ने कुरा पुष्टि हुन्छ ।

त्यतिबेला माधव नेपाल तथा केपी ओलीहरू खिसिट्युरीको भाषामा भन्दै थिए 'केटाकेटी आए गुलेली खेलाए मट्याङ्ग्राको सत्यानाश' । अझ २०६२/०६३ को जनआन्दोलनलाई केपीले त आफ्नो बालकोटे दरबारको कौशीमा बसेर 'गणतन्त्रको नारा लगाउनु गोरुगाडामा चढेर अमेरिका यात्रा गर्नु जस्तै हो' भनेर खिसिट्युरी गरेका थिए । आज त्यही गणतन्त्रको स्वाद बालुवाटार बसेर भुसिलो डकारिरहेका छन् । त्यो महान् जनयुद्ध लडेर नै केपीहरूलाई गणतन्त्रका लागि सम्झौतामा घिसारेर ल्याएको हुनाले अहिलेको यो वुर्जुवा गणतन्त्रमा मालिक हुन पाएका छन् ।

आज जनयुद्धका पच्चीसौँ वर्षमा प्रवेश गर्दै गर्दा क्रान्तिकारीहरूले फेरी नयाँ शिक्षा लिनुपर्ने भएको छ कि अबको निर्णायक लडाइँ लड्दा गद्दार नेताहरू कसरी जन्मिदा रहेछन् र ती नेताहरूलाई किनारामा लगाएर युद्ध कसरी अगाडि बढाउनु पर्नेछ भन्ने कुरा । जनयुद्धका छ बुँदे प्रतिवद्धता अहिले पनि सान्दर्भिक र औचित्यपूर्ण नै छन् । ती त मालेमावादको वैचारिक आलोकमा संश्लेषण गरिएका मार्गदर्शक सिद्धान्त थिए । त्यसलाई पुनःस्मरण गरेर नै अगाडिको कार्यदिशा तय गर्नु जरुरी छ । कालापानीको सीमा विवाद र एमसिसि परियोजनाका कारण आज देश राष्ट्रिय स्वाधीनताको एजेण्डामा ध्रुविकरण हुने सम्भावना प्रवल बनेको छ । यसप्रति सचेततापूर्वक सङ्घर्ष उठान गर्न सकिएन भने देश इराक, अफगान बन्ने खतरा प्रवल बनेर आएको छ । यसरी मात्रै फागुन एक अर्थात् जनयुद्ध दिवस मनाउनु औचित्यपूर्ण हुने छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# देशभक्त



● छायादत्त न्यौपाने 'बगर' ●

**निबन्ध रचना**

विवेकी बगैंचा इमानले खोस्रेर मलसँग रोपिएको मस्तिष्कलाई पसिनाले सिंचाइ गरिरहन्छ देशभक्त । मान्छेको उर्वरशक्ति सिङ्गै देशका लागि खर्चिन मस्तिष्कको मझेरीमा विवेकले विश्लेषण गर्छ ऊ । शक्ति छ यसमा र त देशभक्त शब्द सुन्नकै लागि कान ठडिन्छन्, आँखा तानिन्छन्, मन कल्पिन्छ । यसले त ध्वनित भएर कर्णस्पर्श गरी गौरवबोध गराउँछ । देशभक्त शब्द आफै चित्ताकर्षक छ । सुन्दैमा देशप्रेमी श्रद्धाभाव बिउँझेर आउँछ ।

हो, पक्कै हो, प्रत्येक मान्छे देशभक्त बन्न उत्सुक छ, हुन्छ, भइरहन्छ । प्राप्त योग्यताले पुगे, व्यवहारले बनाए देशभक्त बन्ने रहर कसलाई हुँदैन र ? मान्छे, मान्छेले आफूसँग भएजति बल लगाएर देशभक्ति ओकल्छ र छाती फुकाएर भन्छ मेरा हजुरबा देशभक्त थिए । नाति व्याज खान चाहन्छ, नातिनीको नाक तन्कन्छ । स्वदेश देशभक्त भनेपछि हुरूक्कै हुन्छ, विदेशीले सम्मान पाउँछ र दिन्छ पनि । समाजमा चिनिएको मान्छे त झन् देशभक्तका अगाडि नतमस्तक हुन्छ । स्नेहपूर्वक जन्मथलोको उन्नति-प्रगतिका लागि विवेक खर्च गरेर नथाक्ने देशभक्त राष्ट्रको सम्पत्ति हो । स्रष्टा-कवि, कलाकार, विद्यार्थी, शिक्षक, पत्रकार, कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, किसान, व्यापारी, राजनीतिज्ञ जोसुकैको श्रद्धेय पात्र हो देशभक्त । कूटनीति जान्ने र राजनीति गर्नेहरू त झन् देशभक्त भनेपछि श्रद्धाले शिर निहुराउँछन् । बालक, युवा, वृद्ध, महिला, पुरुष सबैको आदरणीय हुन्छ देशभक्त । म पनि त उसलाई नमन गर्छु, थाक्तै नथाकी जीवन्त गरिरहने बाचा गर्छु यदि ऊ साँच्चै देशभक्त हो भने ।

नाम र विशेषण शब्दको समास भएर बनेको देशभक्तले अर्थपूर्ण अभिव्यक्ति दिन्छ र मस्तिष्क मथ्ने सामर्थ्य राख्छ । देशभक्तको बोलीले मुटु छुन्छ, वचनमा अठोट हुन्छ, मान्छेहरू उसलाई प्रतिबद्ध मृदुभाषी भनेर चिन्छन् । देशभक्तको रहनसहन सरल हुन्छ अनि आनीबानी धेरैका लागि अनुकरणीय पनि । देशभक्तले इमान, विवेक र नियमित कर्मलाई दैनिकी बनाउँछ । प्राणी जगत्लाई संरक्षण दिनु उसले कर्तव्य ठान्छ, मानवीय संवेदनाको कदर गर्नु उसको लक्ष्य रहन्छ, उसले त चेतनाको दैलो उघारेर सूर्यका किरण सङ्घारबाट छिराउने प्रयास गर्ने र हरेक मान्छेलाई एउटै आँखाले हेर्ने अन्तर्दृष्टि तयार गरिसकेको हुन्छ । त्यसैले त देशभक्त जनताको प्यारो हुन्छ, देशको स्मरणीय अनि काम लाग्दो सन्तान भनेर आदर पाउँछ । ऊ त समाजको भरोसा अनि राष्ट्रको सान कहलिएर जीवनजस्तो जीवन बाँचेको हुन्छ । ऊ त सरल प्रकृतिको निश्छल व्यवहारप्रिय चरित्र हो नि । उसले कानुनको खोल ओढेर जनताको जरो उखेल्ने कपटीसँग दोस्ती गर्दैन । सिङ्गै मुलुकले समस्त जनताको पक्षमा अबलम्बन गरेको नैतिक मूल्यलाई प्रदूषित पार्ने स्वार्थी चरित्रसँग सोध्न सकिन्छ कि देशभक्त कस्तो हुन्छ ?

आहा, सुन्दै फरक स्वाद दिने गम्भीर प्रकृतिको शब्द देशभक्त ! अन्तरचेतमै पुगेर हरेकको हृदयस्पर्श गर्ने शक्ति छ यसमा गहन भाव र आत्मीय अर्थ वाहकका रूपमा प्रसिद्ध छ । देश आफैमा गौरवमय परिचय दिने शब्द हो । यसको स्वाभिमान उठाएर उपासक अर्थ दिन्छ भक्तले ! यो झनै गरिमा पूर्ण छ । देशभक्तको इतिहास सुरक्षित हुन्छ, स्वर्णमय रहन्छ । देशभक्तले छल गर्दैन, धोका दिन जान्दैन, धूर्तका वरिपरि बस्दैन । यसको दृष्टि चोर फटाहामाथि पऱ्यो कि गरूडको छायाँमुनि सर्पझैं लुटुपुटु हुन्छन् । लोभी पापीहरू देशभक्तको आवाज पुग्ने ठाउँमै भेटिँदैनन् । यसले त शुद्ध सफा मन लिएर देशभरिको यात्रा गर्छ । यो उकाली ओरालीसँग डराउँदैन, गल्छीहरू उछिनेर भञ्ज्याङ र चौतारीहरूमा सुस्ताउने स्वभावको हुन्छ । देशभक्त कोदालो समातेर खेतबारीमा जान्छ, हारदाम्ला बोकेर गोरु खेद्दै खलेगरोमा पुग्छ । नहर डोऱ्याएर फाँटभरि छरिन्छ । बाँध बाँधेर किसानहरूको अभिन्न मित्र बन्न भ्याउँछ । रूखबिरूवा हुर्काएर सडक छेउमा सुस्ताउँदै पन्छीको चिरबिरसँग रमाउँछ । वनजङ्गल चहारेर मृग उफ्रेको हेर्छ, गैंडाले काँसेघारी माडेको देखेर आश्चर्य मान्दै चितुवालाई निदाउन छाडेर फर्कन्छ प्रशासनतिर । देशभक्त माछा पाल्न र गाई दुहुन सिपालु हुन्छ । खेतीपाती गरेर अन्न फलाउन सकेँ भनेर मुसुक्क मुस्कुराउँछ नौली दुलहीलाई दुलाहाले जुल्क्याई जुल्क्याई हेरेको थाहा पाएझैँ गरी । देशभक्त फलफूलको उत्पादन बढाएर जनतालाई आत्मनिर्भर बनाउँदै स्वस्थकर खानेकुरा खुवाउने कर्मयोगी जीवन देख्न पाए त झन् त्यसैमा लडीबुडी खेलेर गदगद भइदिन्छ । व्यवसायमा नैतिक स्तम्भ ठाडो राख्ने त देशभक्तको कामै हो । मान्छेको मान मर्दन नहुने गरी आफू लाभान्वित हुने चतुर हुन्छ देशभक्त ! यसले दिन-दिनै नयाँ नयाँ अनुभवजन्य अनुभूति बाँडेर देश र जनता लाभान्वित गराउन बल गर्छ तर कसैलाई हानि पुऱ्याउँदैन, असजिलो त पार्दै पार्दैन । स्वाधीन राष्ट्रको जगमा दरो गरी उभिएर अस्मिताको रक्षा गर्छ, दुश्मनसँग आँखा जुधाएर प्रतिवाद गर्छ तर बरबराउँदैन ।

हरेक मान्छेले सपना देख्छ देशभक्त बन्ने । मान्छे-मान्छेको चाह हुन्छ देशभक्त जस्तो उच्च सम्मानित पदमा पुगूँ । ऊ आफूमात्र होइन, पुस्तौंपुस्ताले शिर उँचो पार्ने गरी देशभक्ति उठाऔं भन्छ । यही चाहले देशभक्तलाई कर्मयोगमा दत्तचित्त हुन प्रेरित गर्छ, गरिरहन्छ । ऊ त मन-वचन-कर्मले यसैमा समर्पित भइरहन्छ । यसरी दीर्घकालसम्म गरेको साधनाले उसलाई देशभक्तको उपाधि दिलाउन सफल हुन्छ । देशभक्त नरुचाउने मन कस्तो होला र ? चेत हुने मान्छे देशलाई माया गर्छ, स्नेह दिन्छ । यसो गर्न सकेकोमा आफै-आफै फुलेल भएर हातेमालो गर्न थाल्छ अनि परिपक्व देशभक्तले सुस्ताउन मिल्ने सहज वातावरण तयार हुन्छ । देशभक्त शीतल हावामा पसिना सुकाएर नवीनतम योजनाहरूको पहिचान गर्दै गन्तव्य भेटाउन विश्राम नलिई हिँडिरहेको हुन्छ, यसलाई तातो बालुवाले छेक्न सक्तैन । हो, देशभक्तको मस्तिष्कमा सैतान बस्तैन, मनोविकार उभिन सक्तैन, अपराध मनोविज्ञान वरिपरि आइपुग्दैन, ऊ मात्र कर्म गरेर धर्म निर्वाह गर्ने ध्याउन्नमा एकोहोरिरहन्छ । देशभक्त भनेको कालोकोटभित्र न्याय लुकाउने अन्यायी चरित्र होइन । यो पर्दाभित्र पसेर मानवीय मर्म कुच्याउने र जनता झुक्याउने बहादुर पनि होइन । मुखमा मलम देखाएर व्यवहारमा भीर सोझ्याउने दुश्मनलाई चिन्न सक्छ यसले । देशभक्तलाई राम्ररी थाहा छ निमुखा जनतालाई खाल्डोमा जाकेर देशसेवा हुँदैन । महका भाखासरि स्वार्थमा डुबेर राष्ट्रोन्नति गरिँदैन । सामाजिक काइदा कानुनमै अडिएर पनि दालभातको जोहो हुन्छ । पेट छ भन्दैमा सुनचाँदी र हिरामोती उसिनेर खाने होइन, अन्नपातका लागि बेइमानी बोरा बोकेर झोपडीका बत्ती निभाउने दुस्साहस आवश्यक छैन भन्ने मर्म बुझेर मात्र देशभक्तले छाड्दैन, व्यवहारमै परिपाक तुल्याउँछ । देशभक्तका आँखामा तुँवालो हुँदैन । उसले व्यक्ति सुखमा खुम्चिने हो भने सामाजिक जीवन बिथोलिएको र राष्ट्रको शिर झुकेको दृश्य छर्लङ्ग देख्छ । अझ पर पुगेर विलासमा भासिने हो भने त आँखा तानी-तानी हेरे पनि श्रीमती-श्रीमान् र छोराछोरी मात्र देखिन्छन् त्यो पनि धुमिल, धुमिल ! बाआमाको अनुहार बिर्साउँछ स्वार्थले । त्यसैले देशभक्तलाई व्यक्ति स्वार्थमा लिप्त हुनु छैन । उसलाई हिमालको चिसो र तराईको तातोसँग उस्तै जीवन जिउनु छ, नेपालीको जस्तै ! त्यसैले त ऊ देशभक्त हो । उसलाई विलासको बाढीसँग उडुस-उपियाँ र लामखुट्टे शैलीले चुसेर मोटाउनु छैन । देशभक्तले बुझेको छ एक्लै मोटाउँदा लक्ष्य प्राप्त गर्ने असल चरित्रको भइने भए सुँगुरहरू अति मोटा हुन्छन् । जिउ ठूलो भएर पुग्ने भए हात्ती, ह्वेलमाछा कति ठूला हुन्छन् कति ? सबैभन्दा असल पगरी तिनैले पाउनुपर्ने, सम्मानित सिउर लाउनुपर्ने !

देशभक्त अर्थात् देशकै लागि समर्पित भई मरि मेट्ने चरित्र । यसले पारिवारिक मोह र व्यक्ति सुख भनेको अज्ञानताको उपज अनि निम्छरो चिन्तनले पछ्याउने पाहुर हो भन्ठान्छ । प्रस्ट छ, विलासी सङ्कुचनमा मानवीय संवेदना, राष्ट्रिय दायित्व, पदीय जिम्मेवारी र कानुनी हैसियत बाँच्दैनन् । हो, देशभक्त फरक गोरेटाहरू हिँडेर राजमार्गमा पुग्ने साहस र सीप भएको चरित्र हो । यसले राष्ट्रिय हितमा फूल मासेर काँडाको खेती गर्नुपरे पनि पछि सर्दैन तर साहित्यको सातु खाओस् कि राजनीतिमा रत्यौली खेलोस् ! राष्ट्रिय अस्तित्वसँग सम्झौता गर्दैन । राष्ट्रको स्वाभिमानमा आँखाले देख्न नसक्ने अणु किन नहोस् दाग लाग्छ भने त्यसलाई समर्थन गर्दैन । एउटा देशभक्तले अर्को देशभक्तको मान मर्दन हुने कुरा सोच्न पनि सक्तैन । अरूलाई लखेटेर एक्लै खाने त जुधाहा साँढे र भुस्याहा कुकुर जस्ताले हो । कागले एक्लै खाँदैन कोइलीको समेत रक्षा गरेर सृष्टि परम्परा जोगाइरहेको हुन्छ । कानुन मिच्दै हिँडेर कमजोरलाई थिच्ने लठैते स्वभाव देशभक्तको होइन । यसले त मौरीको एकता, कमिलाको सक्रियता, अनि प्रकृतिको निरन्तरतासँग जीवन मुस्कुराउन सक्ने यथार्थ पत्याउँछ । देशप्रेमीले त नदीको प्रवाहसँगै वसन्त बहारभित्र जीवनको ज्योति सल्काउने चेतनाको चोइलो टुक्रिन दिँदैन ।

देशभक्त कहलिने रहरले मान्छेलाई मान्छे बनाउँछ, अमर तुल्याउँछ, सृष्टि सिङ्गैको आदर उसैमाथि घोप्ट्याइदिन्छ । देशभक्त जनक, वाल्मीकि, बुद्ध, अरनिको, भृकुटी, शङ्खधर, पारिजात, पासाङ, कृष्णसेन हुँदै महात्मा गान्धी, प्रेमचन्द, अब्राहम लिङ्कन, कार्लमार्क्स, गोर्की, लुसुन, नेल्सन मन्डेला जस्ता इतिहास प्रसिद्ध पुरुषहरूले धानेको देशभक्तिको वाहक हो । के देशभक्त किसानलाई सम्मान दिने, व्यापारीलाई नैतिक मूल्यमा अडिन प्रेरित गर्ने, शिक्षक, विद्यार्थीलाई सक्रिय बनाउने, राजनीतिज्ञलाई कूटनैतिक क्षमता र विवेकशील परिचय दिने धारिलो हतियार होइन ? यसले पढ्न नपाएका बालकहरूका हातमा कापीकलम, उपचार नपाएका बिरामीसम्म अस्पताल, भोकानाङ्गा जनतासम्म काम, शोषित-पीडितको घरदैलोमा न्याय पुऱ्याउँदैन ? यस्ता प्रश्नै प्रश्नहरूले लखेट्छन् देशभक्तलाई तर ऊ मैदान छाडेर भाग्दैन, र त ऊ देशभक्त हो । मान्छेले आफू जन्मेहुर्केको भूमि फुलेफक्रेर बास्नादार बनेको हेर्न चाहन्छ, सत्य हो । सत्य आफै बोल्दैन, सत्य असजिलोमा अडिन्छ, काँडै काँडाबिचमा फुल्ने फूलझैं । सत्य पछ्याउने, पहिल्याउने र व्यवहारमा लागु गर्ने ताकत देशभक्तमा हुन्छ । उसले हात थापेर खाँदैन । ऊ पटक्कै अलमलमा छैन कि अनुदानले देशभक्त जन्माउँदैन र जनतालाई आत्मनिर्भर बनाउँदैन भन्ने विषयमा । उसलाई प्रस्ट छ, वर्तमानमा केही नगर्ने हो भने इतिहासको पाना रित्तै हुन्छ र भविष्यमा पछुतोबाहेक छाडेर जाने सम्पदा केही रहँदैन ।

मान्छेको उच्च परिचय नै सामूहिक हुनु हो । यसले ढुङ्गे युगदेखि नै समुदायमा बस्न जान्यो । आजभन्दा भोलि फरक स्वाद प्राप्त गर्ने अभिलाषामा क्रियाशील बनिरह्यो । त्यसको अविच्छिन्न प्रयास आज पनि छ । उत्पादितबाट बिउँझेर उत्पादनमुखी बन्दै गतिशील जीवन जिउँछ ऊ । आजको भौतिक सुख प्राप्तिले जति जति भौतिक बनाउँछ उतिउति आवश्यकताहरू थपिन्छन् र आकाङ्क्षाले अल्झाइरहन्छन् । त्यसको परिपूर्ति गर्ने ध्येयले मान्छे खटिरह्यो । खटाइको प्रकृति र उद्देश्यले फरक पहिचान दियो । जुन पहिचान व्यक्ति केन्द्री रह्यो र स्वार्थीकोटिको ठहरियो भने जुन समूहमुखी बन्यो त्यो देशभक्तको कोटिमा दर्ज भयो । मान्छेको यस्तो स्वभावले उसलाई सर्वश्रेष्ठ प्राणी अर्थात् विवेकशील प्राणी भनेर चिनायो । विवेकवान् मान्छे सीमित स्वार्थमा अलमल नगरी प्राणीजगतको कल्याणार्थ सक्रिय भई सम्पूर्ण जीव तथा पृथ्वीकै संरक्षण, संवर्धनमा जुट्यो । यस्तो परिचय बन्यो देशभक्तकोजुन शब्द सुन्दैमा मान्छेहरू भावुक बन्छन्, अलिकति जागरूक हुन्छन्, केही श्रद्धा ओढेर उठ्छन्, श्रमको मूल्यसँग मित्रता गाँस्ने प्रयत्न थाल्छन् । देशभक्त पनि मान्छे हो, ऊसँग पनि मन छ, अरुसरह मस्तिष्क छ, सँगै भुँडी छ, आँखाहरू छन्, जिब्रो छ, अझ भनौँ एकलै छैन ऊसँग पनि परिवार छ तर खोट पालेर हिँड्दैन ऊ । उसले कसैलाई ढाँटेन, झुक्याएन । उसले लोभ गरेको उदाहरण छैन । उसले म, मेरो, तँ तेरो भन्न जानेन, सधैँ हामी र हाम्रो भन्यो र त्यस्तै व्यवहारमा अभ्यस्त रह्यो । ऊ जुकाले झैँ रगतपसिना चुसेर परोपकारी बन्ने निर्लज्ज चरित्रको दुई खुट्टे होइन । उसको आनीबानीले निर्धालाई थिच्ने र बालकलाई जितेर बहादुर बन्ने सपना देख्दैन किन कि ऊ देशभक्त हो, साँच्चैको देशभक्त, स्वभाव र कर्मले पनि देशभक्त ठहरिएको छ !

ऊ देशभक्त हो तर संवेदना रहित आँसु बगाउने गोही होइन । उसले बाहुबलको तुजुक देखाएर जीवन भत्काउने प्रतिस्पर्धा गर्दैन । ऊसँग सजिलोमा साथ दिने र असजिलोमा हात थाम्ने इमान अनि कला पनि छ । उसलाई एउटै भान्छामा दुई थरी परिकार पस्किने संस्कार चाहिँदैन । अर्काको सुख सुविधामा राल काढेर अनधिकृत प्राप्तिलाई पुरुषार्थ भनी स्वीकार गर्ने भोक ऊसँग छैन । ऊ मागेर, ठोकेर, तर्साएर, खोसेर जसरी पनि आफै हत्याउने साँढे संस्कार पारखी बहुरूपी चरित्रलाई गतिलैसँग तिरस्कार गर्न जान्दछ । राजनीतिको राँको बालेर न्यायालयको हुर्मत खाई गुन्डागर्दीमा रमाउने घातक प्रवृत्तिले आत्मीय समाज निर्माण गर्दैन । त्यसैले देशभक्त परिवर्तनको पक्षमा सङ्घर्ष गरिरहन्छ समान सामाजिक संरचना तयार नभएसम्म । निमुखा जनताको रगतपसिनाको भागबिलो हडप्ने दुष्ट खन्चुवासँग उसको साइनो गाँसिँदैन । ऊ झुक्याउन चाहँदैन, उसको सरलतालाई कमजोरी ठान्ने बज्रस्वाँठ प्रवृत्तिले देशको भलो गर्दैन । स्वार्थमा डुबेका हरिलठ्ठकका पछि लाग्दैन ऊ । हिजोको बाचा अजिङ्गरले मृगझैँ पचाएर रोगी मगजले बोली फेरिरहने ढँटुवारे शैली उसको विशेषता हुँदै होइन । ऊ त एउटा देशभक्त हो त्यसैले जीवन जस्तो जीवन बाँचेर बोलेजस्तो व्यवहार गरिरहन्छ सास रहेसम्म ! जति सम्पत्ति भए पनि आफूलाई भोकै र नाङ्गै देख्ने निर्लज्जहरू चोकचोकमा थुप्रिएको डङ्गुरतिर हानिँदैमा देशभक्त विचलित हुँदैन । उसलाई थाहा छ अवसर नपाउँदा इमानदार बन्ने तर हरियो देख्नेबित्तिकै साँढेसरि डुक्रने स्वभावले न्याय गर्दैन, देश र जनताको भलो त परको कुरा यस्तो ठिमाहा चरित्र बालुवामा चम्कनै सक्तैन । देशभक्तको पहिचान जीवित राख्ने आँटिलो इमान भए डङ्गुरमा मिसिने होइन, अगुल्टो उठाएर अघिअघि हिँड्ने हो ।

देशभक्तमा द्विविधा हुँदैन, ऊ प्रस्ट छ कि भोक लाग्यो भन्दैमा सिंहले घाँस खाँदैन, प्रतीक्षा गर्छ, सङ्घर्षलाई अझ सशक्त गति दिन्छ, सिकार भेटिएन भनेर निराशा फलाकेर घाँसमाथि राल चुहाउँदैन । जतिसुकै चुनौतीको सामना गर्नुपरे पनि पछि सर्दैन । हो, जहाँ साँघुरो त्यही पहिरो भनेझैँ दुश्मनले जाल फाल्यो भन्दैमा देशभक्तले गति छाड्दैन □ ऊ ठूलो भीडमा भन्दा गुणात्मक उपस्थितिमा मुस्कुराउन जान्दछ । देशभक्तले गन्तव्य नभेटी बिसाइ मार्दैन । जनता सबै जनतै हुन्छन् । सम्बोधनक्रममा सर्वसाधारण र विशेष भनी भेदीय शब्द प्रयोग देशभक्तले गर्दैन । यसको आवश्यकता नपर्ने गरी सिङ्गै देश स्वाधीन नभएसम्म देशभक्त विश्राम कक्षमा पस्दैन । त्यसैले त ऊ देशभक्त हो, साँच्चै जीवन्त देशभक्त ! घर सल्काएर छिमेकमा शरण लिने अवसरवादी होइन । 'अस्तु'

## कविता


### फागुन १



● इन्दिरा अधिकारी ●

*आज फागुन १ गते*
*मजदुरको,*
*किसान, उत्पीडित जाति र जनजातीयहरूको*
*एकमुष्ट आवाज हो*
*फागुन १ गते !*
*ऐ ! दलाल लम्पसारवादी शासक हो*
*तिम्रो दुइतिहाइको दम्बले लादेका बेथितिका फर्मानहरू जलाउन*
*उर्लेको जनसागर हो*
*फागुन १ गते !*
*हिजो क्रान्तिको आव्हान गर्दै*
*सदियौ देखि जरा गाडिएका*
*शोषण र दमनका खम्बाहरू उखेल्न*
*शंखघोष गरेको दिन*
*फागुन १ गते*
*ऐ ! बिदेशी भुतले तर्सिएका*
*फासिवादिहरू हो तिम्रा जाल र झेलले उठेका*
*पर्खालिहरू भत्काउन,*
*भ्रमित नाराले अडिएका तख्ताहरू उखेल्न*
*हरेक क्षेत्रमा ब्याप्त*
*विभेदी जालो च्यात्न*
*आगो बनी लम्किरहेको*
*राता मान्छेहरूको हुल हो*
*फागुन १ गते*
*यो*
*स्वतन्त्र र अखण्ड*
*मात्र्भूमिलाई*
*बिस्तार वादी र साम्राज्यवादी साशकहरूको पोल्टोमा*
*बन्दक राखेर*
*युद्ध मैदान बनाउने खेल खेल्दै छौ*
*तिम्रो यो खेललाई ध्वस्त बनाउन*
*उर्लिएको जनमास हो*
*फागुन १ गते*
*आज*
*इन्द्रचोकबाट चुनौती दिन चाहान्छ*
*एक दिन तिम्रो लोभी लालची कठपुतली सरकारलाई*
*ठेगान लगाउने*
*अनि विजयको झण्डा बोकेर*
*सुब्यबस्था स्थापना गर्ने शक्ति हो*
*फागुन १ गते*
*फासिवादको अभ्यासमा चुर्लुम्म डुबेको सत्ता फाल्ने*
*अभियान हो*
*फागुन १ गते*
*ए ! सुन नवसामन्तहरू हो*
*तिमीहरूलाई उजाड बनाउन*
*यो फागुन १ गते*
*रगतले पोतिएका डोवहरू नियाल्दै*
*विरासत पछ्याउँदै*
*तिम्रो सिंहासनमा ज्वाला बनी आउनेछ*
*फेरि फागुन १ गते !*

### जनएकता जिन्दाबाद



● परशुराम कोइराला ●

*सत्ता छ, कानै चिरेका जोगी झैं, खाना नाना उतैको !*
*त्यही एकमुठी नुनपानीको सोझो गर्न, सत्ता उतैको !*
*तिष्टाकाङ्गा डकार्दै छ, कहिले पशुपतिनगर सुस्ता डकार्दै*
*लिम्पियाधुरा लिपूलेक पछार्न, बन्छ उतैको ।*
*यस्तै हो, कठपुतली सत्ताखेती परिणाम*
*यस्तै हो, ठूलो अन्धविश्वासीी जमात परिणाम*
*जहाँ,सुन उमार्ने धर्ती बाँझा पार्न,विदेश धकेल्ने सत्ता छ*
*जहाँ,स्रोत साधन,न्याय,सुरक्षा,रोजगार अरूको छ*
*जहाँ धर्ती,आकाश,वादल सबै अरूको छ*
*हिमाल अरूकै,मधेश अरुकै , कठै कठपुतली खेती !*
*सगरमाथै एकप्याला मदिरासंगै निल्ने सुकुटी टुक्रा !*
*मधेशलाई चटनी पार्छन् र हार्छन् कठै कठपुतली !*
*जहाँ,अरूकै भक्ति,शक्ति चल्छ*
*मौन,सहनशीलता अनौठो हुर्काउँछन् कठपुतली !*
*ढुङ्गामाटो,पानी,हावा,पसिना,रगत,अस्मिता आफ्नो हुन्न*
*इन्जिनियर,डाक्टरदेखि युवा बिक्री चल्दा हाँस्छन्*
*न यो वीर र पौरखीहरूकै भयो अब*
*न यो भीखमङ्गामुक्तहरूकै भयो अब*
*विश्व छक्क पार्ने कुरूतता मडार्छन् र झ्याङ्गिन्छ*
*मल,बीऊ,साधनविनाको कृषिप्रधान कठपुतली खेती*
*सिंहदरवार,बालुवाटार बेच्नेलाई सत्ता दिन्छन् जनता*
*जहाँ, सधैंको गरिव पार्नेलाई पत्याउने जनता हुन्छन्,*
*जाडो गर्मी नछुट्याउनेलाई नै जनता देख्छन् र*
*छुट्याउनेलाई जेलनेल गर्छन् कठपुतली !*
*कठपुतलीका देश हुँदैन , सम्वेदना हुँदैन,माया हुँदैन*
*पहाड टुक्रियोस् वा तराई लुछियोस वास्ता हुँदैन*
*टुकी नबलेर केभो अँध्यारोप्रेमी हुन्छन् कठपुतली*
*वादल लागोस् वा कुहिरो, चिन्ता प्रवाह कैही हुँदैन।*
*बरू,आऊ तिमीहामी मिलौं र कठपुतली सत्ता भत्काऊँ*
*आफ्ना आँगनपिंढी,बनबगैंचा,राष्ट्रियता जोगाऊँ मिली*
*कठपुतली दाह्रानङ्ग्रा भाँच्यौं भने ,*
*आँगन पिँढी हाम्रो हुनेछ*
*कानुन हाम्रै बनाउँला*
*समाज हाम्रै बनाउँला र साझा पारौंला*
*आऊ सबै मिलेर नयाँयुग उद्घाटनमा जुटौं अब*
*ढिला नगरी स्वाधीनता स्वाभीमानका बेर्ना रोपौं अब*
*सबै दुर्गुण,विभेदका तिलान्जलीनिम्ति*
*प्रतिक्रियावादी स्वदेशविदेश नीति च्यात्नु छ*
*को आफ्नो अर्को चिन्नु छ*
*शासकनिर्देशित शास्त्र, धर्मशास्त्र चलन तोडौं,भत्काऊँ*
*सामन्ती चलन हाम्रा छैनन् ती*
*बालुवाटार, सिंहदरबार हाम्रो पार्न कुर्वानी गर्न छ*
*कठपुतली सत्ता ढाल्नु छ*
*जनएकता जिन्दावाद*
*कठपुतलीहरूका देश र भेष हुँदैन ।*

(२०७६-११-०३)

## महान्...

एकता पछि बनेको पार्टी नेकपा (एकता केन्द्र)मा चलेको भीषण दुई-लाइन सङ्घर्षको प्रक्रियामा जुन गहन सैद्धान्तिक बहस भयो त्यसले पार्टीभित्र क्रान्तिकारीहरूको वैचारिक धरातललाई निकै माथि उठायो। २०४८ सालमा सम्पन्न एकता महाधिवेशनका क्रममा मूख्यतः माओवाद र माओ विचारधाराका बीचको सैद्धान्तिक बहस र दुईथरी सैन्य कार्यदिशा (दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोह)का बीचको पेचिलो दुई-लाइन सङ्घर्षले विचार निर्माण क्षेत्रमा निकै महत्वपूर्ण भूमिका खेलेको थियो । त्यो सङ्घर्षले क्रान्तिकारीका बीचमा मूख्यतः माओवाद तथा जनयुद्धलाई बुझ्ने सन्दर्भमा एकरूपता कायम गराई क्रान्तिकारी ध्रुवीकरण गरायो र तिनको वैचारिक एकतालाई थप सुदृढ बनायो। एकता महाधिवेशनसम्म आइपुग्दा एकता-सङ्घर्ष-रूपान्तरणका कारण पुरानो एकता भङ्ग भएर नयाँ आधारमा नयाँ एकता निर्माण हुन गयो । यो वैचारिक सङ्घर्षको क्रममा क्रान्तिको गफ हाँक्ने तर संसदीय बाटोको अवलम्बन गरिरहने दक्षिणपंथी विसर्जनवादीहरू नङ्गेझार हुँदै गए। एउटा वाक्यमा भन्नुपर्दा त्यो वैचारिक सङ्घर्षको प्रक्रियामा सच्चा क्रान्तिकारीहरू एकतावद्ध र सुदृढ बन्न गए भने दक्षिणपंथीहरू विखण्डित र थप कमजोर बने।

पार्टीले महाधिवेशनद्वारा पारित दीर्घकालीन जनयुद्धको कार्यदिशालाई लागु गर्नका लागि वर्ग सङ्घर्षका योजना निर्माण गर्ने प्रक्रियामा पार्टी भित्रको दुईलाइन सङ्घर्षले जनवादी केन्द्रीयताको सीमा नाघेर दुश्मनीपूर्ण रूप लिन थाल्यो। पार्टीको योजना कार्यान्वयनमा बाधा हाल्ने र पार्टीलाई अगाडि बढ्न नदिने स्थिति पैदा भए पछि पार्टीले दक्षिणपंथी विसर्जनवादीहरूलाई पार्टीबाट हटाउनुको विकल्प रहेन । २०५२ को पूर्वार्धमा आयोजना गरिएको तेस्रो विस्तारित बैठकले तिनलाई पार्टीबाट हटापछि पार्टीको नाम नेकपा (माओवादी) राखियो र त्यसपछि बसेको के.स.को बैठकले नपाली जनयुद्धको पहिलो योजना निर्माण गऱ्यो । यसले नेपाली विशेषताका आधारमा सङ्गठन र सङ्घर्षका समग्र कामलाई प्रधान र सहायकमा छुट्याई नेपाली जनयुद्ध समग्र युद्धका रूपमा अगाडि बढ्ने कुरा औंल्यायो। मूख्यतः एकता केन्द्र निर्माण भएपछि करीव ५ वर्षको घनिभूत वैचारिक, राजनीतिक, साङ्गठनिक र सङ्घर्षसम्बन्धी तयारीको प्रक्रियाबाट गुज्रेर मात्र तात्कालीन नेकपा (माओवादी) जनयुद्धको उद्घोष गर्ने स्थितिमा पुगेको हो। हामीले महान जनयुद्धको विगतलाई फर्केर हेर्दा विचार निर्माण र तयारीको यो कष्टशाध्य अवधिलाई कहिल्यै भुल्न सक्दैनौ र भुल्नु हुँदैन।

चार तयारीका काम पुरा गरिसकेपछि केन्द्रीय समितिले जनयुद्धको थालनीका लागि मूर्त योजना निर्माण गऱ्यो । नेपाली विशेषताका आधारमा देशलाई मूख्य, सहायक र प्रचारात्मक गरी तीन भागमा बाँडेर आक्रमणका निशानाहरूको छनोट भयो। प्रहरी चौकी, सुदखोर, कोकाकोला कारखाना र साना किसान परियोजनाका कार्यालयलाई आक्रमणका मुख्य निशाना बनाइए। निशानाको यो छनोटले नेपाली नयाँ जनवादी क्रान्ति क्रमशः प्रतिक्रियावादी राज्यसत्ता, सामन्तवाद, नोकरशाही पुँजीवाद र दलाल पुँजीवादका विरुद्ध लक्षित छ भन्ने कुराको सन्देश दिन्थ्यो।

*प्रतिवद्धता, थालनी र निरन्तरता*

जनयुद्ध थालनीको ठीक पहिले पार्टीले सात बुँदे प्रतिवद्धता पारित गरेको थियो । यसले युगान्तकारी महत्व राख्दछ । उक्त प्रविद्धताको पहिलो बुँदामा क्रान्तिकारी हिंसा मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुने र पार्टी जनयुद्धको सिद्धान्तप्रति प्रतिवद्ध रहने प्रतिज्ञा गरिएको छ । दोस्रो बुँदामा राज्यसत्ताबाहेक अरु सबै भ्रम हो भन्ने कुरामा जोड दिइएको छ । तेस्रो बुँदामा नयाँ जनवादी क्रान्तिका लागि सामन्तवाद र साम्राज्यवादका विरुद्ध उठेको हतियार वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्नु भन्दा पहिल्यै विसाउनु सर्वहारा वर्ग र आम जनताप्रति अपराध हुने कुरा गरिएको छ । चौथो बुँदामा पार्टीको समग्र योजना सर्वहारा अन्तर्राष्ट्रियतावादको सिद्धान्तमा आधारित हुने र नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढ्ने कुरा गरिएको छ। पाचौं बुँदामा अन्तर-पार्टी सङ्घर्षलाई द्वन्द्वात्मक भौतिकवादी मान्यताका आधारमा सञ्चालन गर्ने र जनदिशा अवलम्बन गर्ने कुरामा जोड दिइएको छ। छैटौं बुँदामा पार्टी सर्वहारा वर्गको स्वतन्त्र निर्णयको आधारमा चल्ने र कहिल्यै देशी एवम् विदेशी प्रतिक्रियावादी गुटको दवाव, धम्की र प्रलोभनमा नपर्ने कुरा गरिएको छ । र अन्तिम बुँदामा जनयुद्ध जीत र हार, उपलव्धि र क्षतिका चक्रहरू पार गर्दै विजयी बन्ने कुरा गरिएको छ। यो प्रतिवद्धता वस्तुतः मार्क्सवाद-लेनिनवाद-माओवाद, विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनसमुदाय र विश्व सर्वहारा क्रान्ति प्रतिको अगाध विश्वास, त्यसलाई प्राप्त गर्ने दृढ सङ्कल्प र पार्टीको वलिदानी भावलाई व्यक्त गर्ने ऐतिहासिक दस्तावेज थियो।

उपरोक्त प्रतिवद्धता सहित पार्टीले निर्धारण गरेका निशानाहरूमाथि गरिएको भौतिक आक्रमण र देशैभरी पर्चा, पम्प्लेट, भित्तेलेखन लगायत विविध प्रकारका प्रचार मार्फत् थालनी गरिएको नेपाली जनयुद्ध आफैमा विद्रोहात्मक प्रकारको रहन गयो । जनयुद्धको थालनीले सिङ्गो देशलाई मात्र झकझक्याएन यसले विश्वको समेत ध्यानाकर्षण गऱ्यो । वाङ्लादेशका एकजना कमरेडले ०५२ फागुन १ गते जन्मिएकी आफ्नी छोरीको नाम सुचना राखे । बङ्गाली भाषामा सुचनाको अर्थ सुरुआत अर्थात् थालनी भन्ने हुन्छ। क्रान्तिकारी अन्तर र्राष्ट्रियतावादी आन्दोलन रिमले नेपाली सर्वहारा वर्ग र उत्पीडित जनताले आफ्नो भाग्यको फैसला आफै गर्न थालनी गरेको जनयुद्धलाई लालसलाम गर्दै बधाई तथा शुभकामना सन्देश पठायो। विश्वभरीका क्रान्तिकारीहरूको तर्फबाट समर्थन र शुभकामना ओइरिन थाले । साम्राज्यवादी तथा विस्तारवादी शासकहरूले कान ठाडा पारे । सङ्क्षिप्तमा भन्नु पर्दा, विश्व कम्युनिस्ट आन्दोलन निकै कमजोर रहेको त्यो अवस्थामा नेपाली जनयुद्धको थालनी वस्तुतः विश्व सर्वहारा क्रान्तिकै उद्घोष जस्तो बन्न गएको थियो। यसमा क्रान्तिकारीहरूले गर्व गनु पर्दछ।

नेपाली जनयुद्ध जनताको अभूतपूर्व समर्थन, त्याग र वलिदानका कीर्तिमानहरू खडागर्दै अगाडि बढ्यो । थुपै नेपाली छोरा-छोरीहरू सहिद भए। मात्र ७/८ वर्षको छोटो अवधिमै ६ डिभिजन जनमुक्ति सेनाको गठन र तिनै जनमुक्ति सेना सहित लाखौंको सङ्ख्यामा सङ्गठित भएका जनमिलिसियाको संरक्षणमा देशैभरी अस्थायी जनसत्ताहरूको स्थापना भयो। जनताले आफ्नै सत्ताको प्रत्यक्ष अनुभुति गरे । यो जनयुद्धको सामान्य उपलव्धि थिएन। घरेलु प्रतिक्रियावादी सत्ताको उपस्थिति सदरमुकाममा मात्र सीमित हुन पुगेको थियो । देशको ८० प्रतिशत ग्रामीण भूभागमा माओवादीको नियन्त्रण रहेको छ भन्ने कुरा साम्राज्यवादीहरूले नै स्वीकार गरेका थिए।

रिमको वैचारिक मूखपत्रका रूपमा स्थापित अङ्ग्रेजी जर्नल "अ वोर्ल्ड टु विन"को २९औं अङ्कको "नेपाली क्रान्तिले नयाँ संसारको जन्म दिँदैछ" भन्ने शीर्षकको लेखमा "कुनै समय विदेशी सेनाका लागि भाडाका सिपाही जन्माउने देश भनेर चिनिने नेपाल अहिले अन्तर्राष्ट्रिय सर्वहारा वर्गका लाल सेनाहरूलाई जन्मदिने भूमिमा बदलिएको छ" भन्ने सन्देश प्रशारण गऱ्यो। यो नेपाली सर्वहारा वर्ग र आम उत्पीडित जनताका लागि गौरवको विषय हो। यसरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र त्यसको नेतृत्वमा सञ्चालित महान जनयुद्ध विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनताका लागि आशा एवम् भरोशाको केन्द्र र सबैखाले संशोधनवादीहरू सहित साम्राज्यवादी, विस्तारवादी र प्रतिक्रियावादी शासकहरूका लागि मृत्युको घण्टी बनेर अगाडि बढिरहेका थिए । यो स्थितिले नेपाली महान जनयुद्ध सफलताका प्रचूर संभावनाहरू बोकेर गंभीर चुनौतिहरूको सामना गर्दै अगाडि बढिरहेको थियो । साच्चिकै नेपाल नयाँ जनवादी क्रान्तिको थलो र सर्वहारा क्रान्तिको सन्देश बाहक भूमि बनेको थियो।

*विचलन, गद्दारी र प्रतिक्रान्ति*

क्रान्तिको विजयको संभावना बढ्दै र क्रान्तिका चुनौतिहरू थपिँदै जाँदा सामान्यत सिङ्गो पार्टी र विशेषतः पार्टीको मूल नेतृत्व प्रचण्डमा थप दवाव पर्नु अस्वाभाविक थिएन । उनको सारसंग्रहवादी चिन्तन, अस्थीर स्वभाव र शिघ्र विजयको मानसिकताका कारण उनले त्यो चुनौतिलाई थेग्न सकेनन् र उनीमा वैचारिक विचलन पैदा भयो । प्रचण्डको कमजोरी बुझेका पार्टी भित्रका दक्षिणपंथीहरू र भारतीय शासकवर्गले उनलाई क्रान्तिकारीहरूसंगको सहकार्यबाट अलग्याउने र दक्षिणपन्थीको प्रभावमा पारी उनलाई घेराहाल्ने योजना बनाए। दिल्लीमा बस्ने प्रचण्डलाई नदेख्ने तर सिलीगुडीमा बस्ने क. किरणलाई अस्पतालबाट गिरफ्तार गर्ने र फर्जी पासपोर्टको सामान्य मुद्दामा क. गौरवलाई वर्षौंसम्म थुनामा राख्ने काम भारतीय शासकहरूले किन गरे यसका पछाडिको रहस्य प्राय सबै सचेत नेपालीले बुझेका छन् । यसमा स्वयम् प्रचण्डको भूमिका छ कि छैन र भने कति छ भन्ने कुरा भने अध्ययनको विषय हो। परिस्थितिको दवावमा नेपाली र विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनसमुदायमा भरगरेर नेपालमा नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउन नसकिने निष्कर्षमा पुगेपछि उनले सामन्तवाद तथा साम्राज्यवाद दुवैको अन्त गर्नका लागि लड्ने तिर होइन साम्राज्यवाद र मूख्यतः भारतीय विस्तारवादको ढाडमा टेकेर लोकतान्त्रिक गणतन्त्रको स्थापनाका निम्ति राजतन्त्रको टाउकोमा हान्ने निर्णयमा पुगे। यो उनको वैचारिक विचलनको स्वाभाविक र अनिवार्य परिणाम थियो।

यसपछि पार्टीबाट जनता तथा राष्ट्रप्रति विश्वासघात र प्रतिक्रान्तिका जे जति निर्णयहरू उनको नेतृत्वमा भए ती सबै यही वैचारिक विचलनका कारण पैदा भएका परिणाम मात्र हुन् । यद्यपि प्रतिक्रान्तिको जरो ०६० सालमा पारित २१औं शताव्दीको जनवादसम्म पुगेको देखिन्छ, तर औपचारिक रूपमा यसबारे निर्णय लिने सबैभन्दा पहिलो थलो भने कन्द्रीय समितिको चुनवाङ्ग बैठक नै हो। यस बैठकमा विश्व परिस्थिति बदलिएको छ भन्ने नाममा साम्राज्यवाद लेनिन र माओको जमानाको जस्तो नरहेको गलत विश्लेषण, भारत समेत सबै उत्पीडित मुलुकलाई एकल ध्रुवीय अमेरिकी साम्राज्यवादले एउटै हाँडीमा राखेर भुटेको मनोगत व्याख्या गरी भारतीय विस्तारवाद अब हाम्रो प्रधान दुश्मन रहेन भन्ने आशयको विश्लेषण, कार्यनीतिका नाममा लोकतान्त्रिक गणतन्त्रलाई घुमाउरो तरिकाले राजनीतिक रणनीति बनाउने काम, लोकतान्त्रिक गणतन्त्रका लागि प्रत्याक्रमणको सैन्य योजनाको विकासगर्ने लगायतका जुन निर्णयहरू लिइए ती सबै यही वैचारिक विचलनको परिणाम थियो । वस्तुतः चुनवाङ्ग बैठकका यी निर्णयहरू नै नेपाली नयाँ जनवादी क्रान्तिप्रतिको गद्दारी र प्रतिक्रान्तिका लागि वैचारिक तथा राजनीतिक आधारहरू हुन् ।

चुनवाङ्ग बैठकले ग्रहण गरेको लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा अनुरूप भारतीय शाषक वर्गको प्रत्यक्ष संलग्नतामा गरिएको १२ बुँदे सम्झौता, जनयुद्ध अन्तको घोषणा, जनसत्ताहरूको विघटन, ठूलो सङ्ख्यामा रहेको जनमुक्ति सेनाका कमरेडहरूलाई अयोग्यको विल्ला, समायोजनको नाममा जनमुक्ति सेनाको प्रतिक्रियावादी सेनामा विलय, प्रतिक्रियावादी पार्टीहरूलाई एकलौटी रूपमा संविधान पारित गर्न नदिने पहिलो संविधान सभाको विघटन, दोस्रो संविधान सभाबाट प्रतिक्रियावादी संविधानको घोषणा जस्ता परिघटनाहरू प्रतिक्रान्तिको प्रक्रियालाई पूर्णता दिने एकपछिका अर्का कदमहरू थिए । आज यहाँसम्म आइपुग्दा जनयुद्धको थालनीको बेला आफैले प्रतिक्रियावादी करार गरेको पार्टी नेकपा (एमाले) मा आफैले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र)लाई विलय गराएर प्रचण्डले प्रतिक्रान्तिका सबै अध्यायहरू पुरा गरेका छन् । साम्राज्यवादी, विस्तारवादी र विश्वभरिका प्रतिक्रियावादी शासकहरूसंग उनको अन्तर्राष्ट्रिय भाइचारा सम्बन्ध स्थापित भइसकेको छ । अब उनको मुखबाट जनयुद्ध गर्नु गल्ति थियो भनेको सुन्नमात्र बाँकी छ। त्यसका लागि पनि धेरै दिन पर्खिनु पर्छ जस्तो लाग्दैन।

*क्रान्तिकारीहरूको कमजोरी र शिक्षा*

विजयको सन्निकट पुगेको नेपाली नयाँ जनवादी क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ। यसका लागि पार्टीको मूल नेतृत्व मूख्य जिम्मेवार हो। यसमा कुनै प्रश्न छैन। तर यहाँ क्रान्तिकारीका पनि गंभीर कमजोरीहरू रहेका छन् र सोपानक्रम अनुसार सबैले त्यसको जिम्मा लिनुपर्दछ । एकीकृत नेकपा (माओवादी) बाट विद्रोह गरी ०६९मा आयोजित राष्ट्रिय भेलाले यसको प्रारम्भिक समीक्षा गरेको थियो। त्यसमा पार्टीको नीति र कार्यदिशा निर्माणगर्ने देखि नेतृत्वको केन्द्रिकरण र प्रचण्डपथ नामाङ्कन गर्ने सन्दर्भमा थुप्रै कमजोरी भएको र ती कमजोरी हुनुका पछाडि अभिधूतवाद, श्रद्धावाद र उदारवादले काम गरेको कुरा स्वीकार गरिएको छ। यो राम्रो कुरा हो, तर यतिमात्र पर्याप्त छैन । वैचारिक समस्या एक पटक समीक्षा गर्दैमा सधैका लागि हल हुने विषय होइन । हामी सबैले बारम्बार आफ्नो आत्मसमीक्षा गरी आफैलाई रूपान्तरण गर्न आत्मसङ्घर्ष गरिराख्नु पर्दछ । वैचारिक सङ्घर्ष मार्फत रूपान्तरण नहुँदै निर्णयलाई एकमत बनाउने हतारो कहिल्यै गर्नु हुदैन । पार्टीभित्र खुला र स्पष्ट रूपमा छलफल गर्ने वातावरण निर्माण गरी आलोचना र आत्मालोचनालाई अनिवार्य गर्नु पर्दछ । कम्युनिस्ट पार्टीभित्रको अन्तरविरोध हल गर्ने विधि यही हो । यो बाहेक अर्को विधि अहिले सम्म विकास भएको छैन ।

पार्टी भनेको विपरीतहरूको एकत्व हो । एकता-सङ्घर्ष-रूपान्तरण र नयाँ आधारमा नयाँ एकता क्रान्तिकारी पार्टी निर्माण सम्बन्धी मालेमावादी पद्धति हो। प्रचण्डले प्राय सबै बैठकमा जोड र कोणको फरक हो भनेर भिन्न विचारलाई सामान्यीकरण गर्ने र एकमतले निर्णय लिइयो भन्ने बनाउन छलफल र बहस पछि रूपान्तरण तिर होइन संझौताका लागि बढी जोड लगाउने गर्दथे । यो प्रचण्डमा विद्यमान सारसंग्रहवादको परिणाम थियो । उनी द्वन्द्ववादको कुरा गरेर कहिल्यै थाक्दैनथे तर आफैले अधिभूतवादको अभ्यास गर्दथे । हामी क्रान्तिकारीले पार्टीको दुईलाइन सङ्घर्ष र जनवादी केन्द्रीयतालाई द्वन्द्ववादी ढङ्गले प्रयोग गरेर सधैं एकमतको खोजी गर्ने अधिभूतवादी गल्तीबाट बच्न सतर्क रहनु पर्दछ।

*निष्कर्ष*

क्रान्ति र प्रतिक्रान्ति विपरीतहरूको एकत्व हो । प्रतिक्रान्ति हुने भएर नै क्रान्ति आवश्यक भएको हो । प्रतिक्रान्तिलाई परास्त नगरी क्रान्ति सम्पन्न हुनै सक्दैन । क्रान्तिको बाटो सिधा हुँदैन, सर्वहारा वर्ग क्रान्ति र प्रतिक्रान्तिका थुप्रै शृङ्खलाहरू पार गरेर मात्र वैज्ञानिक समाजवाद हुँदै अन्तिम गन्तव्य साम्यवादसम्म पुग्न सक्दछ । सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएर वैज्ञानिक समाजवादको लामो अभ्यास गरेका देश रुस र चीनमा पनि क्रान्ति प्रतिक्रान्तिमा बदलियो । यो पनि विज्ञानको नियम भन्दा बाहिर पर्दैन।

प्रचण्डको नेतृत्वमा अगाडि बढेको क्रान्ति उनकै नेतृत्वमा प्रतिक्रान्तिमा बदलियो । तर, एक पटक प्रतिक्रान्ति हुँदैमा क्रान्तिको प्रक्रिया सधैका लागि रोकिँदैन । सामाजिक अन्तर्विरोध समाधान गर्नकै लागि क्रान्तिको आवश्यकता भएको हो । समाजमा वर्ग सङ्घर्ष रहुञ्जेल क्रान्ति अपरिहार्य हुन्छ। हामी क्रान्तिकारीहरूले दश वर्षको महान नेपाली जनयुद्ध र विश्व सर्वहारा क्रान्तिका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट शिक्षा लिएर अगाडि बढ्नु पर्दछ। हामीले प्रतिक्रान्ति भयो भनेर चिन्ता गर्ने होइन, क्रान्ति किन भएन भनेर चिन्ता गर्ने हो। यसरी मात्र हामी सच्चा कम्युनिस्ट बन्न सक्दछौं र नेपालमा क्रान्तिको मार्ग प्रसस्त हुन्छ।

*फागुन ४, २०७६*

## जनयुद्ध...

जनवादी क्रान्तिले धक्का खाएको भन्दै नेपालमा जनवादी क्रान्तिको प्रक्रिया समाप्त नभएको दाबी गर्नुभयो ।

अधिकारीले नेपाली तथा विश्व सर्वहारा क्रान्तिका सकारात्मक तथा नकारात्मक अनुभवहरूबाट पाठ सिक्दै र मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषतामा सिर्जनात्मक ढङ्गले लागू गर्दै नेपाली नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टी जुटिरहेकोले शहिदले छाडेका सपनाको बाँकी कार्यभार पुरा गरिछाड्ने प्रतिवद्धता गर्नुभयो ।

उक्त विद्यालयमा राज्यपक्षबाट हत्या गरिएका १६ जिल्लाका शहिद परिवारका ३०० भन्दा बढी बालबच्चाले अध्ययन गर्दै आएका छन । उक्त विद्यालयका विद्यार्थीलार्य आज २५ औं जनयुद्ध दिवसको अवसरमा शैक्षिक सामाग्री एवं प्रमाण-पत्र समेत वितरण गरिएको थियो। सो प्रमाण पत्रमा प्रमुख अतिथि अधिकारीले हस्ताक्षर गर्दै महान शहिदहरूप्रति श्रद्धा व्यक्त गरेका थिए।

सहिद स्मृति भु.पु.विद्यार्थी मञ्चका अध्यक्ष सुजन सापकोटाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पत्रकार राजेन्द्र अधिकारी, प्रेम सुनार, प्रधानाध्यापक मोना गिरी लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

## दशबर्षे...

बढ्न नै सक्छ, न बन्छ यो कुरोको पुस्ट्याई कहिले हुने हो र कस्ले बुझ्ने हो ? यहि समानता र उथ्थानका निम्ती उठेका बन्दुकहरू आज किन अधिकार बिहिन बनेर थन्किए ? आज जतिनै ३३र ५०र भने पनि महिलाहरूलाई बन्चित गरि पुरुषहरूको नै हालिमुहाली छ। चुनावी प्रतिनिधिमा पनि देशै भरी उप मेयर उप बाहेकका पद दिईएनन्।

एक दुई बाहेक अरु उच्च स्थानमा पृतृसत्तात्मक चिन्तन नै हाबी छ । त्यसैले जब सम्म महिला स्वयम यसको लागी लड्दैन तब सम्म पुरुषबादी चिन्तन नै हाबी हुन्छ रहन्छ। जुन बर्ग समुदाय पीडित हुन्छ त्यही बर्ग नै फेरी उठ्न जरुरी छ अन्यथा मुक्ति र अधिकारका कुराले कुनै अर्थ राख्दैन।

महिलाहरू बिहानदेखि बेलुकासम्म खटिरहँदा पनि उनको कामको कुनै कदर र मुल्य छैन। बिहान उठ्ने, घर परिबारलाई चिया पानी इच्छा अनुसार अनेक भेराईटी बनाउनु अनि बाहिर घाँस दाउरा गर्न जान पर्ने घर गोठको कामकाज अनि बेलुका फेरी घर भान्छा सघाउन पर्ने तर आफु पुगे खाने नपुगे नखाने अनि त्यसैमा मन बुझाउन पर्दा महिलाहरू आफु सधै हेपिएको ठगिएको अबस्थामा नै दिन ब्यतित गर्न बाध्य छन।

तर घर श्रीमान दिनभरी बाहिरी काम अथवा जागिर गरेर आउछ श्रीमती घर मेलापात गरि बिहान उठेदेखि बेलुकासम्म खटिरहदा पनि उस्ले के काम गर्न हुन्छ भन्दा घरमा नै बस्नुहुन्छ भन्ने किसीमका भनाईहरू सुन्न पर्दा आफ्नो कामको कुनै मुल्य कदर नहुदा इज्जत र प्रतिष्ठामा नै ठेस लाग्छ नै । जागिर खाने र बाहिरको पुरुषको कामलाई मात्र काम भन्दा महिलाहरू मानसिक रूपमा अपहेलित र आफूलाई तुच्छ सम्झेको ठान्छन । तृसत्तात्मक चिन्तनले बनाएका कानुन र अधिकारले महिलाहरूलाई सबैक्षेत्रमा बाध्ने मुख्य प्रबिधी कारण नै हो । महिलामुक्ति र दश बर्षे जनयुद्धमोर्चाले जन्माएको अधिकार अन्ततोगत्वा चुलो चौकामा नै फर्काएको छ।

## संसदबाट...

स्पष्ट पारे।

त्यस्तै नेकपाका सह-संयोजक लोकनारायण सुवेदीले वर्तमान सरकार कथित कम्यूनिष्ट रहेको र कम्यूनिष्टको नाममा गैर कम्यूनिष्टको काम गरिरहेको प्रति आक्रोश पोखे । उनले भारतीय फौजको कब्जामा रहेको नेपाली भुमी आफ्नो मातहत ल्याई सच्चा राष्ट्रवादी र राष्ट्रभक्तको कार्य गर्न सरकारलाई सुझाए।

त्यसैगरी नेकपा मालेका दीननाथ घिमिरेले कुनैपनि हालतमा राष्ट्रघाती एमसीसी सम्झौता नगर्न केपी शर्मा ओलीको सरकारलाई चेतावनी दिए । उनले विदेशीसंग एमसीसी सम्झौता गरी मुलुकलाई आधुनिकताको गुलाम नबनाउन आग्रह गरे । उनले एमसीसीले देश र जनताका लागि सय वर्षसम्मका लागि गुलाम बनाउन छद्मभेदी दलालहरू लागि परेको आरोप सरकारमाथि लगाए।

नौ वाम दलले आयोजना गरेको संयूक्त विरोधसभा कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य ववन सिंह र राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य चिनतामणि पौडेल लगायतका नेताहरूले वर्तमान सरकारको कडा आलोचना गर्दै मुलुकको भुभाग फिर्ता पाउनुका लागि पहल गर्न र एमसीसी सम्झौता नगर्न सरकारलाई चेताएका थिए।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर– ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल– ९८५१२४५६८०
दिक्तेल– ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# दशबर्षे जनयुद्धमोर्चाले जन्माएको महिला अधिकार अन्ततः चुलो चौकामा नै फर्काइएको छ

*कहाँ छ महिला अधिकार ? महिला अधिकारलाई सीमित र निश्चित घेराभित्र नै खुम्चाएको छ । कति हत्या बलात्कार जस्तो सिकार भई मानसिक रूपमा बिक्षिप्त रहेका छन् । समाजमा महिलाहरूलाई कुनै महत्व नै दिइदैन घरेलु हिंसा बढ्दो रूपमा छ*



● विष्णुकुमारी न्यौपाने ●


नेपालको इतिहासमा धैरे पटक आन्दोलन भए । ती सबै,चाहे राणा शासन विरुद्ध होस् पन्चायत हुदै दसबर्षे जनयुद्धले ल्यायको लोकतन्त्र अनि अहिलेको नामको गणतन्त्रसम्म आईपुग्दासम्म पनि महिलाहरूलाई हेर्ने दृस्ठिकोणमा कुनै अन्तर छैन । अहिले पनि आफ्नो अधिकार बाट बन्चित र कुन्ठित बनाइएको अबस्था छ । देशमा अझै पनि महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा नै हेरिन्छ । सामाजिक रूपमा बिभेद उस्तै नै छ । सामाजिक रुढीबादी परम्परा अनि पृतृसत्तात्मक सोंचका कारण महिलाहरूप्रति पुरानै चिन्तन छ । महिलाहरूलाई समान ज्याला समान अबसर र आफ्ना नैसर्गिक अधिकारहरूबाट अलग्यई उनीहरूको गतिशीलता र शरीर माथी पुरुषकै नियन्त्रण गर्ने प्रवृत्ति छ्दैछ । कुनै परिवर्तन ल्याउन सकिरहेको देखिदैन । त्यसैले अझै पनि महिलाहरू घर आँगन बन पाखामानै सिमित छन ।

सामाजिक, धार्मिक र राजनीतिक रूपमा हिजो आजमा कुनै अन्तर छैन सरासर हेर्दा नगन्य एकदुई महिलाहरू उच्च ओहोदामा रहेता पनी मुलतः सख्यात्मक रूपमा कुनै त्यस्तो परिवर्तन ल्याउन सकिरहेको अबस्थामा छैन । राज्यको केहि निकायमा टाठा बाठालाई मात्र समेटेको प्रष्ट नै छ । केहि नेताका आसेपासे बाहेक अरु क्षेत्रमा समाबेश गराईएको नै छैन । औपचारिकता मात्र निर्भाह गरि हात्तिका देखाउने दाँत जस्तो सतहमा मात्र तैराएको अबस्था छ, बास्तबिकताको धरातल झन बिकाराल बन्दै गएको छ । महिलाहरू दिनानुदिन हत्याहिंसा जस्ता अपराधका शिकार बन्दै भोग्न परेका समस्याले गाउँदेखी शहरसम्म कतैपनी अछुतो छैन ।

महिलाहरू त्यही पुरुषबादी सोंचले जकडीएका छन । सत्तामा पुरुषकै बोलाबोल र बाहुल्यता छ, त्यसैले नेपाली महिलाहरू आज पनि उहि घरेलु कामदारको रूपमा जिवन यापन गर्न बाध्य छ्न बिहान देखी बेलुकीसम्म उहि भान्छा र चुलो चौको बाहेक अन्त पु=र्याउन सकिरहेको छैन । हिजो संघर्षको दौरानमा तिनै महिला पेटमा र काखमा बच्चा लिई काँधमा बन्दुक बोकि अग्रपंक्तिमा नै रहि लडे कतिको बलिदानि गरेको इतिहास साक्षि छ । आफ्नो जिवन नै उत्सर्ग गरे । तर आज यहाँसम्म आईपुग्दा पनि अवस्था झन जटिल बन्दै गहिरहेको छ । महिलाका सम्स्या ज्युकातियु छ्न । महिला अधिकारका जति भाषण छाटे पनि ब्यबहारिक रूपमा फड्को मारेको छैन, केहि भएकै छैन कानुन जस्ता बने पनि । निचोडमा पुरुषबादको नै वोकालत हावी छ । ब्यबहारिक पक्ष झन अधुरो अपुरो छ ।

कहाँ छ महिला अधिकार ? महिला अधिकारलाई सीमित र निश्चित घेराभित्र नै खुम्चाएको छ । कति हत्या बलात्कार जस्तो सिकार भई मानसिक रूपमा बिक्षिप्त रहेका छन् । समाजमा महिलाहरूलाई कुनै महत्व नै दिइदैन घरेलु हिंसा बढ्दो रूपमा छ । अहिले पनि महिलाको बिना नै सृष्टि चल्छ, रहन्छ भनेझै उहि व्यबहार गर्छन् । किन बुझ्दैन यो समाज ? अनि सत्ताका बुझक्कड नबुझेझै गर्छन् । मुख्य अङ्ग नै देशको राज्य सत्ता हो । एक अङ्ग पुरुष हौ भने एक महिला भन्ने कुरा स्विकार्न गार्हो भै जानाजान स्विकार्दैन । परिवर्तन खाका कोर्नेहरू आफ्नो अस्तित्व र बर्चस्व गुम्ला भन्ने डरले सधै तल्लो दर्जामा राख्न जोड बल गर्छन् । दुबैको दाईत्व र अधिकार के कारणले फरक बन्यो ? खाली सोंचाई र चिन्तनको मात्र फरक हो ? एक अर्काका परि पुरक हुन महिला पुरुष, जसले तिम्रो हाम्रो सन्सारको सृजना गर्यो अझ भन्ने हो भने यो समाज निर्माणमा महिलाहरूनै बडि योगदान छ त्यसैले महिलाहरूलाई बिशेश नजरले हेरिनु पर्थ्यो । किनभने महिला भनेका जसले आफ्नो गर्भमा बच्चा राखेर नौ महिनासम्म बडो प्रशव पीडा सहेर जन्माउछिन अनि फेरि हुर्काउछिन । अनि तिनै महान आमा अपहेलित हुन्छिन किन ? महिलाको सहयोग र योगदान बिना समाज नत अगाडी *बाँकी ७ पेजमा*

# अखिल क्रान्तिकारीका इकाइ समितिहरू गठन



अखिल क्रान्तिकारी सिन्धुली जिल्लाअन्तर्गत सिन्धुली बहुमुखी क्याम्पसमा पवित्रा भुजेलको अध्यक्षतामा १५ सदस्यीय इकाइ समिति गठन गरिएको छ । जसमा उपाध्यक्षमा लक्ष्मी अधिकारी, कोषाध्यक्ष प्रेमकुमारी तामाङ, सहकोषाध्यक्ष रामकुमारी लुम्गेली, सचिव पुजा परियार र सदस्यहरूमा सुशीला लामा, उमा देवकोटा, निर्जला देवकोटा, सबिना श्रेष्ठ, सुमित्रा चौलागाई, सुमिता माझी, शर्मिला बोगटी, अम्बिका थापा र रमेश नेपाली र अबिरल मानन्धर ।

त्यसैगरी त्वादी मावि नुवाकोट भेला आयोजक समितिका संयोजक सुजा पुडासैनी र स्थानीय पार्टीको पहलमा मनोज बर्देवाको अध्यक्षतामा १७ सदस्यीय इकाइ समिति गठन गरिएको छ ।

## क्रान्तिकारी...

गरेको वडा कार्यालयमा भवनमा झण्डा गाडेको छ ।

उक्त पार्टीले वडा कार्यालय बन्दै गरेको भवनलाई केही भूमाफियाले अधिग्रहण गरेर व्यक्तिको नाममा लैजाने लगायतका तयारी गरेका कारण कब्जा गरेको जनाएको छ ।

यसैगरी नेकपा क्रान्तिकारी माओवादीले देवचुली नगरपालिकामा रहेको मेघा पार्क रिसोर्टमा झण्डा गाडेको छ ।

रिसोर्टले सार्वजनिक जग्गा अधिग्रहण गरेको र उक्त जग्गा फिर्ता गर्न लटाल गरेको भन्दै जग्गा कब्जा गरेको नेकपा क्रान्तिकारी माओवादी नवलपुरका सेक्रेटरी न्यूजर्सले बताए । झण्डा गाड्दै नेकपा क्रान्तिकारी माओवादीका निदीषले रिसोर्टले अतिक्रमण गरेको सार्वजिनक जग्गा आजदेखि आफ्नो पार्टीको नियन्त्रणमा रहेको बताए ।

क्रान्तिकारी माओवादीले जनयुद्ध दिवसको अवसर पारेर उक्त जग्गामा झण्डा गाडेको हो । उक्त जग्गामा बनेको संरचना हटाउन देवचुली नगरपालिकाले पटक पटक पत्राचार गरेको भए पनि पार्कले अटेर गर्दै आएको छ ।


## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

घर भाडामा दिंदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाईमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।


**सम्पर्क नाम र फोन नम्बर**

प्रबन्ध निर्देशक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)

सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)

इमेल : bargadristi073@gmail.com

कर्णाली प्रदेश संवाददाता– दिनेश बुढा (९८६८००५८२४)









गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल

VISIT Nepal Year 2020

**सूचना**

१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौं
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरूक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाऊन तौल लिई वृद्धि अनुगमन गरौं
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरूवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔं ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।